# कमैया महिला जागरण समाज नेपाल
# गुलरिया बर्दिया

## वार्षिक प्रतिवेदन २०२३




## प्रतिवेदनको विषय सूची

### १. परिवेश विश्लेषण

समाजले श्रमिक महिलाहरुको सवालहरुलाई पहिचान गरी रेफ्लेक्ट सर्कलमार्फत लगातार वकालत, पैरवी तथा सहजीकरण गर्दै आईरहेको छ । विशेषगरी समान ज्याला, सामाजिक सुरक्षा र बीमा जस्ता विषयमा श्रमिक महिलाहरुलाई सहजीकरण गर्दै आईरहेको छ । त्यस्तैगरी नीतिगत तहमा स्थानीय तहसँगको समन्वयमा महिलाहरुको हकअधिकारको बारेमा नीतिगत रुपमा भएको व्यवस्था बारेमा अभिमुखीकरण गराउने कार्य भएको अवस्था छ । शैक्षिक क्यालेन्डर अनुसार बैशाख महिनादेखि विद्यार्थी भर्ना अभियान गर्ने नेपाल सरकारको नीति अनुसार स्थानीय तहले विभिन्न सरोकारवाला संघसंस्थासँग हात्तेमालो गर्दै अभियान सञ्चालन गरेको अवस्था छ ।

बर्दिया जिल्ला मुलतः कृषक र कृषिको पर्यायवाचीको रुपमा लिने गरिन्छ । यहाँको अधिकाँश जनताको मुख्य पेशा कृषि नै रहेको छ । त्यसैले कृषि पेशालाई समयसापेक्ष आधुनिकीरण गर्दै बजारीकरणको लागि पहल तथा सहजीकरण गर्ने र पालिकाको नीतिमा नै कृषि र कृषकको लागि नीतिगत व्यवस्था गर्न आवश्यक रहेको छ । त्यस्तैगरी

कार्यक्षेत्र रहेको राजापुर र गेरुवा पालिका विपदको जोखिममा सधैं नै रहने गर्दछ । मुख्यतया बाढीको कारणले विपद आएपनि, आगलागी, अनावृष्टि, अतिवृष्टि तथा वन्यजन्तुको आक्रमणको जोखिम पनि उत्तिकै रहेको अवस्था छ । विपद आएपछि विभिन्न संघसंस्थाहरुको पहलमा राहत वितरणको काम भएपनि विपदपुर्वको तयारी गर्नु पर्ने आवश्यक देखिन्छ ।

## २. प्रमुख परिवर्तनहरू

### २.१ प्राथमिकता नं १: लैंगिक असमानता एवम महिला तथा बालिका माथि हुने लैंगिक विभेद अन्त्य गर्न नारीवादी नेतृत्व विकास तथा महिलाहरुको संगठन निर्माण गर्ने ।

- परिवेश विश्लेषण गर्ने (हाम्रो प्राथमिकता र कामसंग सम्बन्धित मात्र)

  कार्यक्षेत्रमा रहेका महिला श्रमिकहरुलाई श्रम ऐनको बारेमा जानकारी नभएको अवस्था थियो । श्रमिकहरु जिल्ला दररेट अनुसार ज्याला नपाएको र पाएपनि न्युन मात्रामा पाएका छन् । केही श्रमिकहरु अझैपनि ज्याला नपाएकोमा न्यायिक समितिमा उजुरी दिएको अवस्था छ । महिला कृषक समुहका सदस्यहरु र महिला श्रमिकहरु पारिश्रमिक विनाको सेवामूलक कार्यमा जानकार भएतापनि कार्यान्वयन एकदमै फितलो रहेको छ ।

  त्यस्तैगरी प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत ३७५ जना श्रमिकहरुको परिचयपत्र तयार भएको छ । जसमध्ये वडा नं. ३ मा ७७ जना श्रमिकहरुले परिचयपत्र प्राप्त गरेका छन् र अन्य वडाहरुमा वितरण गर्ने प्रक्रियामा रहेको छ । कार्यक्षेत्रमा रहेका महिलाहरुमाथि लैगिंक विभेद हुने गरेको, कुनै सार्वजनिक पदको लागि दावी गर्दा नेतृत्वदायी भुमिका दिन नचाहेको लगायत महिलाहरु आफैं पनि संगठित नभएको अवस्था थियो ।

- **प्राथमिकता १ अन्तर्गत कार्यान्वयनको प्रमुख क्षेत्रहरु**

**लैङ्गिक हिंसाका घटना सम्बोधनका लागि स्थानिय तहको संरचना सुदृढिकरण तथा जवाफदेहिता**



गेरुवा गाउँपालिकामा लैंगिक हिंसाका घटनाहरु भईरहेको तर कतिपय घटनाहरु नीतिगत व्यवस्था नभएको कारण बाहिर आउन सकिरहेको थिएन र आएपनि घटनालाई कसरी सम्बोधन गर्ने भन्ने समस्या थियो । त्यसैले सबै सरोकारवालाहरु यसबारे महसुसीकरण गरिरहेका थिए । यस कार्यक्रम मार्फत गेरुवा गाउँपालिकाका लागि सिफारिस संयन्त्र निर्माण गरिसकेपछि लैंगिक घटना दर्ता गर्न र ती घटनाहरुको सम्बोधन गर्न सहज भएको छ । गेरुवा गाउँपालिकामा लैगिक हिंसा सम्बन्धी सिफारिश संयन्त्रमा भएका कामहरु र लैगिक हिंसा सम्बन्धी आएका घटनाहरुको सम्बोधन भए नभएकोबारे जानकारीका लागी यूवाहरु परिचालन गरिएको थियो । त्यस्तैगरी व्यवस्थापन हुन नसकेका घटनाहरु समाधानका लागी यूवाहरुले सम्बन्धित पालिकामा वकालत तथा दबाब दिएका छन । कार्यान्वयन हुन बाँकी रहेका व्यवस्थाहरुको कार्ययोजना बनाई आगामी दिनमा लागु गर्न सम्बन्धित पालिकालाई अपिल गरेका छन । गेरुवा गाउँपालिकाले भने सिफारिस संयन्त्र निर्देशिका कार्यपालिकाबाट पास भई वेबसाईटमा जारी गरिसकेको छ । पालिकाले निर्देशिका जारी गरिसकेपछि सम्बन्धित शाखाहरुलाई काम गर्न सहज भएको छ ।

**लैङिगकमैत्री उत्तरदायी नीति सम्बन्धी अभिमुखिकरण (GRPS)**

हामीले गरेको कार्यक्रमबाट बढैयाताल गाउँपालिकाका जनप्रतिनिधिहरु लैससासको नीतिगत व्यवस्थाको महत्वबारे जानकार भएको र अब आउने आर्थिक वर्षमा पालिकाको बजेटमा महिलाहरुको क्षेत्रमा बजेट विनियोजन गर्न दबाब दिने कुरा सहभागीहरुले राख्नुभएको थियो र भने गेरुवा गाउँपालिकाका जनप्रतिनिधिहरु महिलामैत्री नीतिबारे जानकार भएको, लैंगिक समानता तथा सामाजिक सामावेशीकरण सम्बन्धी नीति नभएकोले लैससास नीति बनाउने कुरा पालिकाका उपाध्यक्ष आफैंले गर्नुभएको र पालिकाले पनि नीति बनाउन प्रक्रिया अगाडि बढाएको अवस्था छ ।

हाम्रो कार्यक्रममार्फत लैंगिकमैत्री नीति सम्बन्धी अभिमुखीकरण बढैयाताल र गेरुवा गाउँपालिकामा सम्पन्न भएको छ । स्थानीय पालिका र विशेषगरी महिला तथा बालबालिका शाखासँगको समन्वयमा सम्बन्धित पालिकामा




रहेका महिला जनप्रतिनिधिहरु लाई लैंगिकमैत्री नीति सम्बन्धी अभिमुखीकरण दिएको थियो । उक्त अन्तर्क्रियात्मक कार्यक्रममा महिला जनप्रतिनिधिहरुको उल्लेख्य सहभागिता रहेको थियो । बढैयाताल गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति रहेको तर जनप्रतिनिधिहरु लैंगिक समानता तथा सामाजिक समावेशीकरण को नीतिगत व्यवस्थाबारे जानकार नरहेको अवस्था थियो भने गेरुवा गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति नरहेको अवस्था छ ।

**महिलाको पारिश्रमिक बिनाको सेवामुलक कामको बैकल्पिक प्रवर्द्धनमा महिलाको नेतृत्व**

श्रमिक महिलाहरु कामको सिलसिलामा घरबाहिर जानुपर्ने बाध्यताले गर्दा घरमा साना बच्चाहरुको स्याहार गर्ने कोही नहुने भएकोले सामुदायिक शिशु स्याहार केन्द्र स्थापना गरी श्रमिक महिलाहरुलाई काम गर्ने वातावरण मिलाई दिने उद्धेश्यका साथ स्थानीय अधिकार कार्यक्रम मार्फत स्थापना गरिएको थियो । तर केही वर्षसम्म केन्द्र सञ्चालन गरे पनि अब यस उपरान्त स्थानीय तहले पनि केन्द्रको सम्पुर्ण खटनपटनको जिम्मेवारी लिनुपर्छ भन्ने उद्धेश्यले कार्यक्रमबाट बजेट कटौती गरेको थियो । तर बजेट कटौतीसँगै केन्द्र बन्द हुने अवस्था आएपछि श्रमिक महिलाहरुले फेरि कार्यक्रम मार्फत नै केन्द्र सञ्चालन गर्नुपर्ने आग्रह गर्न थाले तर हामीले परियोजनागत बाध्यता रहेको र सधैँभरी कार्यक्रम मार्फत केन्द्र सञ्चालन गर्न नसकिने हुदाँ स्थानीय तहले नै सम्पुर्ण जिम्मेवारी लिए केन्द्रलाई दिगो रुपमा स्थायित्व दिन सक्ने कुरा महसुस गराउँदा श्रमिकहरुले नै नेतृत्व गरी पालिकामा निरन्तर दबाब दिएपछि अन्ततः वडा र पालिका बजेट छुट्टयाईएको छ । हाल ७ वटै सामुदायिक शिशु स्याहार केन्द्रमा बालक ७९ र बालिका १०४ जना गरी जम्मा १८३ जना रहेका छन्  जसमध्ये बालबालिकाका अभिभावकहरु १८ जना बाख्रा पालनमा, ५ जना तरकारीखेतीमा, ५ जना बङ्गुरमा, १० जना किराना पसलमा, ५७ जना ज्यालादारीमा, ४ जना शिक्षक पेशामा संलग्न रहेका छन् ।

**बालविवाह मुक्त वडा घोषणा**

बढैयाताल गाउँपालिका बर्दियाको अधिक बालविवाह हुने पालिकामध्ये एक हो । यहाँको बालविवाह दर अरु पालिकाभन्दा उच्च छ । यहाँका मानिसहरु विगत लामो समयदेखि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग मिली बालविवाह मुक्त वडा घोषणा गर्ाको लागि पहल तथा पैरवी गर्दै आईरहेका थिए । यसै क्रममा केही वडाहरुलाई बालविवाह मुक्त क्षेत्र घोषणा गर्न सफल पनि भईसकेका छन् । बालक्लब तथा युवा क्लबहरुले विभिन्न संघसंस्थाको समन्वय गरी विभिन्न कृयाकलाप तथा अभियान मार्फत बालविवाह मुक्त गर्ने अभियान जारी राखेका थिए । यसप्रकार बालविवाह अन्त्य गर्नको लागि सहयोग तथा सहकार्य गर्ने विभिन्न व्यक्ति तथा संघसंस्थाहरुलाई सम्मान पनि गरिएको थियो ।



यसै क्रममा बढैयाताल गाउँपालिकाको वडा नं. ७ को कार्यालयले बालविवाह मुक्त वडा घोषणा गरेको छ । पालिकाले विभिन्न संघसंस्थाहरुसँग विशेष गरी बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको समन्वयमा विभिन्न

वडाहरु बालविवाह मुक्त गर्ने क्रममा ७ नं. वडालाई बालविवाह मुक्त वडा घोषणा गरेको हो । सन् २०३० सम्ममा दिगो विकास लक्ष्य र नेपाल सरकारको नीति अनुरुप विभिन्न पालिकाहरुले संघसंस्थाहरुसँग समन्वय गरी वडा हुदैं पालिका घोषणा गर्ने क्रम बढिरहेको छ । यसैगरी बाँकी रहेको वडाहरुलाई पनि क्रमशः बालविवाह मुक्त क्षेत्र घोषणा गर्दै चाँडै नै पालिकालाई पनि पुर्णरुपमा बालविवाह मुक्त पालिका घोषणा गर्ने लक्ष्य लिएको छ ।

**लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान कार्यक्रम**



हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म मनाईने लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान कार्यक्रम २०२३ मा पनि मनाईने लैंगिक हिंसा अन्त्यको सुनिश्चितताः महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता भन्ने मुल नाराको साथ ३२ औं लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्षेत्र रहेको ४ वटै पालिकामा विभिन्न सरोकारवालाहरुसँगको समन्वयमा बालविवाह, हिंसा, दुर्व्यहार, लागुऔषध दुर्व्यसनी लगायत विभिन्न विषयमा सडक नाटक, र्‍याली र छलफल तथा अर्न्तक्रिया लगायत विभिन्न जनचेतनामुलक कार्यक्रम गरी सम्पन्न भएको छ । उक्त कार्यक्रम मार्फत समुदायमा सकारात्मक सन्देश प्रभाव भई विभिन्न किसिमका हिंसा, दुर्व्यवहारहरु न्युनीकरण हुने विश्वास रहेको छ । जनप्रतिनिधिहरुले लैंगिक हिंसाका घटनाहरु समाजमा व्याप्त रहेकोले यसको अन्त्यको लागि सम्बन्धित सबै सरोकारवालाहरु लाग्नुपर्ने कुरामा जोड दिएका थिए । यसको साथै पालिकाले आफ्नो नीति तथा कार्यक्रममा पनि लैंगिक हिंसा अन्त्यको लागि योजना तथा कार्यक्रम ल्याउनुपर्ने कुरामा सबै सहभागीहरुको जोड रहेको थियो ।

**पारिश्रमिक विनाको सेवामूलक कार्य सम्बन्धि युवा, किशोरी तथा महिलाहरुलाई अभिमूखिकरण**



पारिश्रमिक बिनाको सेवामुलक कार्य र महिला अधिकार तथा सुरक्षाहरुको बारेमा अभिमुखीकरण कार्यक्रम कार्यक्षेत्रमा रहेका कृषक महिला समुहका सदस्यहरु, युवाहरु र श्रमिकहरु सम्पन्न भएको छ । पारिश्रमिक बिनाको सेवामुलक कार्यमा महिला र पुरुषको समान तथा अर्थपुर्ण सहभागिता र सहकार्य तथा सहअस्तित्वको भावनाको विकासको लागि महिला पुरुष दुवैजनालाई अभिमुखीकरण कार्यक्रममा सहभागिता रहेको थियो । पारिश्रमिक बिनाको सेवामुलक कार्यको बारेमा महिलाहरुलाई वा पुरुषहरुलाई छुट्टाछुट्टै राखेर कार्यक्रम गर्नुभन्दा दुवै जनालाई सँगै राखेर कार्यक्रम गर्दा अझै प्रभावकारी देखिन्छ ।

एउटै घरको महिला र पुरुषले गर्ने कामको बाँडफाँड न्यायोचित नहुनु, कार्यबोझ घटाउने कुरामा कुनै महसुसीकरण पनि नहुनु, पारिश्रमिक बिनाको सेवामुलक कार्यको मुल्याङ्कनसमेत नहुनु जस्ता यावत कुराहरुको बारेमा कार्यक्रम जानकारी गराईएको थियो । उक्त कार्यक्रममा पुरुष सहभागीहरुले यी कुराहरु सामान्य लाग्ने गरेको र यस्ता कुराहरुको महसुस पनि नहुने भएकोले हामीले धेरै नै सामान्य रुपमा लिएको भएपनि घरायसी काम महिला र पुरुषहरुले सहकार्य गर्नुपर्ने कुराहरु राख्नुभयो ।

**महिला श्रमिक तथा गृह श्रमिकहरुको पेशागत सुरक्षा तथा ज्यालाको विभेद अन्त्य गर्ने सन्दर्भमा हामीले गरेका कामहरुले के कस्तो प्रभाववा परिवर्तन ल्यायौ? सो प्रभाववा परिवर्तन ल्याउनका लागि हाम्रो भूमिका के कस्तो रहयो?**

**रेफ्लेक्ट केन्द्र सञ्चालन**



श्रमिकहरु संगठित हुदै आफ्नो सवालमा आफै नेतृत्व गर्दै महिला श्रमिकहरु ज्याला रकम प्राप्तका लागि न्यायिक समितिमा उजुरी पेश गरेका छन् । रिफ्लेक्ट केन्द्रमा सहभागी हुनका लागि अरु श्रमिकहरुले चासो दिएको र संगठित भई आवाज उठाएमा सुनुवाई हुने कुरा बुझेको अवस्था छ त्यस्तैगरी केही श्रमिकहरुले लामो समयसम्म आफुले गरेको श्रमको ज्याला नपाएकोमा अहिले सो रकम प्राप्त गरेका छन् । श्रमिकका विभिन्न सवालहरु पहिचान गरी समाधान गर्ने क्रममा रिफ्लेक्ट केन्द्र मार्फत श्रमिक महिलाहरुको सवाल पहिचान गरेको, श्रमिकहरुले ज्याला निर्धारण समितिले तोकेको दररेट बारे जानकारी गराएको र श्रमिकहरु स्वयम बीमा र सुरक्षाका लागि चासो दिएको अवस्था छ । श्रमिकहरुको मागमुद्धा सम्बोधन गर्नको लागि पालिका, वडा कार्यालय, न्यायिक समिति, जनप्रतिनिधि, ठेकेदार र श्रमिक तथा अन्य सरोकारवाला निकायसँग समन्वय गरेको र श्रमिकको लागि तयार भएको नीतिगत व्यवस्थाबारे जानकारी गराउने गरेको छ ।

श्रमिकहरुको हकअधिकार लगायत विभिन्न समसमायिक विषयहरुको बारेमा कचेहरी केन्द्रमा छलफल गर्ने गरिएको छ । त्यस्तैगरी श्रमिकहरुको विभिन्न समस्याहरुको बारेमा छलफल गरी ती समस्याहरुको समाधान खोजिने प्रयास गरिन्छ । कचेहरी केन्द्रमा श्रमिकहरुसम्बन्धी विभिन्न विषयमा छलफल गर्नुका साथै उनीहरुको क्षमता विकास गरी नेतृत्वदायी भुमिकाको लागि पनि प्रयास गरिन्छ । श्रमिकहरुको नेतृत्व गर्दै केही श्रमिकहरु सार्वजनिक पद धारण गरेको अवस्था छ ।

**श्रमिक महिलाहरुको अभियान**



श्रमिक महिलाहरु घरेलु हिंसाको शिकार हुने गरेको, घरबाहिरको काममा पनि समान ज्याला नदिई भेदभाव गरेको अवस्था थियो त्यस्तैगरी काम गर्ने स्थानमा सुरक्षाको उचित प्रबन्ध नहुनु र जीवन बीमाको व्यवस्था नभएको अवस्था छ ।

श्रमिक महिलाहरुको सवालहरुको पहिचान गरी रेफ्लेक्ट केन्द्र मार्फत संगठित गरी लगातार उनीहरुको समस्याहरुको बारेमा छलफल गरी आफ्नो हकअधिकारको बारेमा आफै नेतृत्व लिनुपर्छ भन्ने कुरालाई आत्मसात गर्दै ठेकेदार, वडा कार्यालय, न्यायिक समिति तथा नगरपालिकाको कार्यालयमा गई निवेदन दिई ज्याला पाउन सफल भएका थिए । त्यस्तैगरी श्रम ऐन अनुसार सामाजिक सुरक्षा, जीवन बीमा र समान ज्याला पाउने अधिकार सुनिश्चित गर्नको लागि निरन्तर दबाब दिईरहेका छन् । निरन्तरको वकालत, पैरवी मार्फत संगठित भएर आवाज उठाउँदा मागको सुनुवाई हुने कुरा सबै श्रमिकहरुले बुझेको र रेफ्लेक्ट केन्द्रका श्रमिकहरु संगठित भएर आफ्नो माग पुरा गराएको देखेर केन्द्र बाहिरका

श्रमिकहरु पनि संगठित हुन खोजेको अवस्था छ । । रिफलेक्ट कचहेरी कक्षामा समुदायमा हुने सामाजिक सवाल तथा समस्याको बारेमा समेत छलफल हुनुको साथै आर्थिक र राजनीतिक सवालको बारेमा छलफल र भुमिहिन अधिकारको बारेमा छलफल हुन थालेको छ ।

### श्रमिक महिलाहरु लाई रिफ्लेक्ट केन्द्रमा (कचेहरी केन्द्र) जिल्ला दर रेट, श्रम ऐनबारे छलफल



श्रमिक महिलाहरुसँग कचेहरी केन्द्रमा श्रमिकहरुले पाउने जिल्ला दररेट समितिले गरेको व्यवस्थाबारे जानकारी, श्रम ऐनमा भएको व्यवस्था बारेमा जानकारी गरिएको थियो । त्यस्तै गरी ज्याला नपाएका श्रमिकहरुलाई वडा कार्यालय तथा न्यायिक समितिमा निवेदन पेश गर्नका लागि सहजिकरण गर्ने कार्य पनि भएको छ ।

जिल्ला दररेट अनुसार ज्याला पाउनुपर्ने श्रमिकहरुको अधिकार भएको त्यस्तै गरी स्थानीय श्रम ऐन बनाउनुपर्ने कुरामा आफैँ पैरवी गर्नुपर्ने कुराको बारेमा छलफल भएको थियो । श्रमिक सम्बन्धी आधारभुत व्यवस्था अनुसार न्युनतम मापदण्डको रुपमा रहने, बाँधा श्रममा लगाउन नहुने, बालबालिकालाई काममा लगाउन नहुने, भेदभाव गर्न नहुने, समान कामका लागि पारिश्रमिकमा भेदभाव गर्न नहुने, टेड युनियनसम्बन्धी अधिकार, उपचार प्राप्त गर्न सक्ने आदिको बारेमा जानकारी गराईएको थियो ।

### श्रमिकहरुको अवस्था र सवालमा वडा स्तरीय छलफल



श्रमिकहरुको अवस्था र सवाल विषयक वडा स्तरीय छलफल कार्यक्रम राजापुर नगरपालिकाको वडा नं. १ र ३ मा सम्पन्न भएको छ । त्यस्तै गरेर श्रमिकहरुले १० बुँदे माग सहित राजापुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष समक्ष ज्ञापनपत्र बुझाएका छन् । उक्त कार्यक्रममा श्रमिक महिलाहरुले काम गर्ने क्रममा भौग्दै आएको कुराहरु (जस्तैः ज्याला, सुरक्षा सामाग्री, बीमा, हाजिरी कार्ड आदि) को बारेमा वडाध्यक्ष लगायत सरोकारवालाहरुलाई जानकारी गराईएको थियो । कार्यक्रममा बोल्दै वडा नं. १ वडाध्यक्षले श्रमिकहरुको समस्याहरु धेरै भएको र केही समस्याहरु वडा कार्यालयबाट समाधान गर्न सक्ने भएपनि केही समस्याहरु वडा कार्यालयबाट समाधान गर्न नसकिने भएकोले जनप्रतिनिधिको हैसियतले ती समस्याहरुको सम्बोधनको लागि आफुले पहल गर्ने कुरा राख्नुभएको थियो । उहाँले वडाभित्र हुने कुनै पनि श्रमिकहरु लगाएर गर्ने कामको निगरानी गर्ने र उनीहरुले उचित ज्याला पाएनपाएको अनुगमन गर्ने कुरा पनि राख्नुभएको थियो ।

### श्रमिकहरुको अभियान सञ्चालनका लागि तयारी बैठक

श्रमिकहरुको मागमुद्धामा रहेर के कस्तो अभियान गर्न सकिन्छ भन्ने विषयमा श्रमिकहरुसँग कचेहरी केन्द्रमा तयारी बैठक सम्पन्न भएको छ । उक्त बैठकमा श्रमिकहरुको हकअधिकारको बारेमा नारा लेखेको प्लेकार्ड बोकी र्‍याली सहित राजापुर बजार परिक्रमा गर्ने र अर्न्तक्रिया कार्यक्रम गरी उक्त कार्यक्रममा नै श्रमिकहरुको मागमुद्धा र सवालहरुको बारेमा नगरप्रमुख समक्ष ज्ञापनपत्र बुझाउने निर्णय गरिएको छ ।



उक्त तयारी बैठकमा कामको गुणस्तर र काम सम्पन्न भए नभएको अनुगमन गर्दा श्रमिकले ज्याला पाएको नपाएको पनि अनुगमन गरिनुपर्ने, जिल्ला वा पालिकाको ज्याला निर्धारण समितिले तोकेको ज्याला कार्यान्वयन गरिनु पर्छ । श्रमिकहरुको बीमा रोजगार दाताले अनिबार्य गरिनुपर्ने, ज्यालामा हुने बिभेदको अन्त्य गरिनुपर्ने, सामाजिक सुरक्षाको ग्यारेन्ती गरिनुपर्ने, श्रम क्षेत्रमा हुने हिंसा, दुरब्यावहार र यौनजन्य हिंसाको अन्त्य गरिनुपर्ने, श्रम क्षेत्रमा खानेपानी, शौचालय र स्तनपान कक्षको व्यवस्था गरिनुपर्ने, अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुलाई सुरक्षा सामाग्रीको व्यवस्था गरिनुपर्ने, श्रमिकहरुको अनिबार्य हाजिरी कार्डको व्यवस्था गरिनुपर्ने र रोजगार सेवा केन्द्रको स्थापना गरिनुपर्ने आदि कुराहरुको बारेमा छलफल गरिएको थियो ।

- प्राथमिकता नं १ अन्तर्गत २०२३ मा गरिएका भौतिक निर्माण सम्बन्धि पहलहरु

| **क्रियाकलाप** | **स्थान** | **लाभान्वित संख्या** | **जम्मा लागत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

- प्राथमिकता नं १ अन्तर्गतका कार्यक्रमहरु यो अवधिमा संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पर्‍यो ?
  - टेन्डर प्राप्त रोजगारदाताहरु (लाईसेन्स प्राप्त) पेटी ठेकेदारलाई ठेक्काको काम दिने भएकोले उनीहरुले कम ज्यालामा काम दिने गरेका छन् ।
  - रोजगारदाताहरु श्रमिकहरुलाई हाजिरी कार्ड उपलब्ध र कार्य सम्झौता नगर्ने जसले गर्दा श्रमिकहरुलाई उजुरी गर्न प्रमाण नपुग्ने अवस्था छ ।
  - श्रमिकहरुको हाजिरीकार्ड ठेकेदारहरु लिने र कार्ड फिर्ता नगर्ने र ज्याला नदिने गरेका छन् ।
  - रोजगारदाताहरुले ज्याला दिने प्रतिबद्धता गरे पनि ज्याला नदिने र केही गरी उजुरी गर्नको लागि जान लागे भने पैसा तिरिदिन्छु भन्दै उजुरी गर्न जान नदिने गरेका छन् ।
  - जनप्रतिनिधिहरुले भौतिक निर्माणको कामको सम्पन्न भए नभएको कामको मात्र अनुगमन गर्ने तर श्रमिकहरुको अवस्था (ज्याला, सुरक्षा सामाग्री र ज्यालाको विषयमा) चासो नदिएका छन् ।
  - श्रमिकहरुबाट पेश गरिएको निवेदनको सुनुवाई तथा चासो नदिएको अवस्था छ ।

- **यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र किन?**

  श्रमिक महिलाहरु छुट्टाछुट्टै ज्यालाको रकम मागेकोले नपाएको तर संगठित भएर एक स्वरले माग्दा पाएको तथा महिला पुरुषको समान ज्याला गराउन सफल भएका छन् । यसले एकतामा नै बल हुने कुरा पुष्टि हुन्छ ।

- यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र कसरी ?

  श्रमिकहरुको मागमुद्धामा विगत वर्षहरुदेखि नै पहल गर्दै आए पनि सम्बन्धित सबै सरोकारवालाहरुसँग एउटै मञ्चमा राखेर छलफल गर्दा बढी प्रभावकारी देखिएको छ ।

- समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं १ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ। प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्याक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने।

  श्रमिकहरुको अवस्था एकदमै दायनीय रहेको र उनीहरुले उठाएका सवाल र मागमुद्धा जायज रहेकोले वडाभित्र हुने गरेका भौतिक निर्माणका कार्यहरुमा श्रमिकहरुको न्युनतम सवालहरुको लागि आफु पहल गर्ने राजापुर नगरपालिका वडा नं. ३ का वडाध्यक्ष प्रसादु थारुले प्रतिबद्धता जनाउनुभएको छ।

- घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने तथा घट्ना अध्ययनहरुको सहमति वा Consent अनिवार्य रुपमा संलग्न गर्ने)

**श्रमिकहरुलाई आफ्नो सवालमा लाग्न प्रेरित गर्दै गुलिया**

राजापुर नगरपालिका वडा नं. १, हिमालीपुर निवासी गुलिया थारु श्रमिक महिलाहरुको अधिकारको लागि वकालत गर्नु हुन्छ। श्रमिकहरुको न्यायोचित ज्याला, श्रमिकहरुको विमा तथा सुरक्षा सामाग्रीहरुको पाउनु पर्छ श्रमिकहरुको लागि आवाज उठाउनु हुन्छ। उहाँ भन्नु हुन्छ, "म एक श्रमिक महिला हुँ। उमेरले पाको भए तापनि दैनिक ज्यालादारी गर्नु पर्ने बाध्यता रहेको छ। मेरो छोरा बुहारी दैनिक ज्यालादारी कै लागि काठमाण्डौं छन्। छोरी ज्यालादारी गरेरै व्याचलर पढ्दै छ। यसरी हाम्रो परिवार दैनिक ज्यालादारी मै आश्रित रहेको छ। काम गर्‍यो, मेहनत पसिना बगायो तर समयमा ज्याला नपाउदा मन खिन्न हुने गर्दछ। समय ज्याला नपाउने मात्रा होईन आफुलाई समस्या परेको बेलामा ज्याला रकम माग्दा पनि उल्टै गालि बेईजति गर्नु हुन्छ। हामीले आफुले श्रम गरे वापतको ज्याला रकम पो मागेका हौं, भिख मागेको त हैनै नि, । हाम्रो समाजमा गरि खाने श्रमिकहरुलाई हेर्न दृष्ट्रिकोण पनि फरक रहेको छ। २०७९ जेठ २ गते कमैया महिला जागरण समाज नेपालको सहजीकरणमा हाम्रो गाउँ हिमालीपुरमा कर्णाली कचेहरी केन्द्र गठन भयो । कचेहरी केन्द्रमा स्थानीय समुदायको समस्या बारे छलफल गरिएको छ । छलफलको क्रममा विभिन्न समस्याहरु आएको थियो। रिफ्लेक्ट सहजकर्ताको सहजीकरणमा आएका ति समस्याहरुलाई सबै भन्दा बढि प्रभाव पारी रहेको समस्यालाई प्राथमिकीकरण गर्‍यो। कचेहरी केन्द्र गठन गर्दा २७ जना सदस्यहरु रहेका थिए। सबैको सल्लाह अनुसार म कर्णाली कचेहरी केन्द्रको अध्यक्ष भएं। कचेहरी केन्द्रमा ज्यालाको विषयमा छलफल गरियो। जिल्ला दररेट अनुसार श्रमिकहरुले ज्याला नपाईयो गुनासो धेरै आयो। काम गर्न जादाँ काम गर्ने ठाउँमा हुने व्यवहार, तथा काम सम्पन्न भई सक्दा हुने व्यवहार फरक फरक रहेको छ। दैनिक ज्यालादारी गर्ने श्रमिकहरुमा पनि एकरुपता थिएन्। ठेकेदारहरुलाई आफ्नो अनुकुल ज्याला दिने गरेका थिए।"



उहाँले भन्नु भयो, "२०८० मंसिर ४ गते मेरो अगुवाईमा राजापुर नगरपालिका वडा न १, वडा कार्यलयमा श्रमिकहरुको माग सहित ज्ञापन पत्र बुझाईएको थियो। श्रमिकहरुको माग बुझ्दै वडा अध्यक्षले भन्नु भएको थियो "कम ज्यालामा पनि काम गर्न जानु श्रमिकहरु बाध्यता तथा कमजोर यस बारे श्रमिकहरु पनि स्वयंम सचेत हुनु पर्छ। मैले ठेकेदारहरुसंग छलफल गराई दिने प्रयास गर्ने छु।"

यसका साथै जिल्ला दररेट, कार्यक्षेत्रमा हुने दुर्घटना बिमा तथा सुरक्षा समाग्री तथा श्रम ऐनमा व्यवस्था भए बमोजिमको सुविधा श्रमिकहरुले पाउनु पर्छ भनि वडा कार्यलय, न्यायीक समिती तथा नगर प्रमुख समक्ष निवेदन पेश गरिएको छ। सुरुमा १९ जनाले निवेदन पेश गरेका थिए। जसमध्ये १७ जनाले ज्याला प्राप्त गर्न सफल भए। त्यसको प्रभाव विस्तारै अन्य समुदायमा पनि परेको छ। टिहुनी, छोट्की दौलपुरका श्रमिकहरु पनि छलफलमा सहभागि हुने गरेका छन्। २०८० कार्तिक महिनामा हिमालीपुर, टिहुनी, संकट्टीका १९ जना श्रमिकहरुले न्यायीक समितीमा निवेदन दर्ता गराएका छन्। त्यसै गरी करिब एक लाख भन्दा बढी रकम लिन पर्ने श्रमिकहरुले बताएका छन्। सम्बन्धीत ठेकेदार बुटवल काम गर्न गएको ले गर्दा श्रमिक र ठेकेदार बिच प्रत्येक्ष संम्वाद हुन सकेको छैन्। त्यसै गरी छोट्की दौलतपुरका ९ जना श्रमिकहरुले ज्याला नपाएको

नगरप्रमुखसंग निवेदन पेश गरेका थिए र सम्बन्धीत ठेकेदारसंग प्रमुखले फोन मार्फत कुरा गर्नु भएको थियो । सो ठेकेदारले ज्याला उपलव्ध गराउने प्रतिवद्धता गरेको छ ।

२०८० मंसिर १२ गतेका श्रमिकहरुको अवस्था र सवाल विषयक  वडा स्तरिय छलफल कार्यक्रम राजापुर नगरपालिका वडा नं. ३, चख्खापुरमा सम्पन्न भएको छ । कमैया महिला जागरण समाज नेपालको आयोजनामा भएको सो कार्यक्रममा राजापुर नगरपालिका वडा नं. ३ को वडा  अध्यक्ष प्रसादु थारु, राजापुर नगरपालिका रोजगार संयोजक, रोजगारदाता (ठेकेदार) र श्रमिकहरु उपस्थिती भएको थियो । कार्यक्रम ईटा भट्टा, भौतिक संरचना निमार्ण गर्ने, फर्निचर उद्योग सञ्चालकहरुको सहभागिता रहेको थियो । छलफलमा राजापुर नगरपालिका वडा नं. ३ भित्र रहेका श्रमदाताहरुले श्रमिकको अनिवार्य हाजिरी कार्डको व्यवस्था गर्नु पर्ने । हाजिरी कार्डको व्यवस्था नभए सम्म श्रमिकहरु काम गर्न नजाने र श्रमदाताहरुले श्रमिकहरुलाई अनिवार्य रुपमा जिल्ला दररेट अनुसार श्रमिकहरुलाई ज्याला उपलव्ध गराउने भनि श्रमदाता (ठेकेदार) हरुले लिखित निर्णय सहित प्रतिवद्धता गरेको छन् । त्यसै गरी श्रमिकहरुको अधिकारको लागि वकालत गर्न कृष्णा चौधरीको संयोकत्वमा १७ सदस्यीय श्रमिकहरुको संठगन गठन भएको छ ।



यसरी नगरपालिका भित्र श्रमिकहरु संगठित हुदै श्रमको न्यायोचित ज्याला, हाजिरी कार्ड, श्रमिकहरुको बिमा तथा सुरक्षा सामाग्रीको माग गरिरहेका छन् । आफु पनि श्रमिक भएकोले गर्दा आफ्नो अधिकार प्राप्तिको लागि आफै लागेको बताउदै गुलिया थारुले अरु श्रमिकहरुलाई पनि प्रेरित गरि रहनु भएको छ ।

## महिला अभियानमा बडघर

बढैयाताल गाउँपालिका वडा न. ७ प्रगतिनगरमा वस्ने मनरानी थारु मुक्त कमैयाँ परीवारका सदस्य हुन् । उनी सहित उनको परिवारमा ५ जनाको परीवार छ । नेपाल सरकारले दिएका ४ कट्ठा, आफुले किनेको १० कठ्ठा लिजमा किनेको डेढ विघा गरी जम्मा २ विघा ४ कठ्ठा रहेको छ ।



मनरानी थारुको जन्म २०३५ साल बैशाखमा भएको हो । नेपाल सरकारले मुक्त कमैया/कम्लहरीहरुको मुक्तिको घोषणा गर्नुभन्दा पहिले उनी १० बर्षको उमेरदेखि कम्लहरीको रुपमा अर्काको घरमा ५ बर्ष काम गर्न गरेकी थिइन । साहुको घरमा त्यसरी वस्दा उनलाई दुःख र पीडा भोग्नु परेको थिएन । साहुले कति ज्याला दियो उहाको बाबा आफै बुझ्न आउनुहुन्थ्यो मनरानीलाई कहिल्यै थाहा भएन । उहाँ साहुको घरमा बस्दा अभिभावकले दिने माया पाउनुभयो तर कमलहरी भएकोले पढ्न लेख्न अवसर भने पाइएनन् र प्रौढ कक्षा ३ महिना सम्म पढ्नुभएको छ । मनरानी थारुको उमेर २२ वर्ष हुँदा उनकको मागी विवाह भयो ।

२०६९ सालमा उनी के.एम.जे.एस.द्धारा गठित श्री मिलन कृषक समुहमा आबद्ध हुनुभयो समुहमा सचिबको जिम्मेवारी करिव ८ वर्ष जति समुहको हर हिसाब गरेर अगाडी बढ्नुभयो । हाल उनी त्यस समुहमा सदस्यको जिम्मेवारी बहन गरिरहनुभएको छ । त्यसैगरी प्रगतिनगर गाउँ वडघर भएर पदमा रही पीडित महिलाहरु, बालबालिका र समुदायको पक्षमा निर्णयक भूमिका निर्वाह गरिरहनु भएको छ । हालसम्म उनी घरेलु सामाजिक, महिला हिंसा जस्ता करिव ५ वटा हिंसा र विजुली पोल विवाद, सडक विवाद, महिला विवाद ३ वटा समुदायको विवादसम्बन्धी घटनाको सहजीकरण आफ्नै समुदायमा गर्नुभएको छ र २ वटा घरेलु हिंसाको घटना दर्ताका लागि इलाका प्रहरी कार्यालय मैनापोखरसम्म सहजीकरण गर्नूभएको छ, १ वटा बालविवाह रोकथाम गर्नुभएको छ । यसका अतिरिक्त साना किसान सहकारीको सदस्य, स्वाभिमानी सहकारी संस्थाको सदस्य भई नेतृत्व गरिरहनु भएको छ ।

पालिका, वडामार्फत पाउने सेवा सुविधाको लागि गाउमा चौकीदारलाई हाँक लाउने गरेर यस प्रकार समाजमा



महिला सशक्तिकरण, स्थानीय तहसंग उनीहरुको सहभागिता र पहुँचका लागि निरन्तर लागि रहनुभएको छ । मनरानी थारुले विगतका दिनमा कमैया कमलहरी जिवन बिताए तापनि अहिले उनकै अथक मेहनत र संघर्षले उनको जिवनमा परिवर्तन आएको छ । समाजले उनलाई सामजिक बडघर महिला अगुवाको रुपमा लिने गरेको छ । मनरानी थारु बताउनुहुन्छ, समुदायमा घट्ने घटनाहरुमा सहजीकरण गर्न समुदायका व्यक्तिहरुले जानकारी गर्दछन् । सामाजिक न्याय, रुपान्तरण र शसक्तिकरणका लागि नेतृत्व गर्न उनी प्रगतिनगर गाउँमा वडघर भइ जिम्मेवारी निर्वाह गरिरहनु भएको छ ।

- प्राथमिकता नं १ को बजेट विवरण

| स्विकृत बजेट | कुलखर्च | खर्च प्रतिशत |
|---|---|---|
| 839,063 | 756,950 | 90.21% |

## प्राथमिकता नं २:गुणस्तरीय सार्वजनिक शिक्षालाई सबै बालबालिकाको आधारभूत अधिकारका रुपमा विकास गर्ने ।

- परिवेश विश्लेषण गर्ने (हाम्रो प्राथमिकता र कामसंग सम्बन्धित मात्र)

संघीय शिक्षा ऐनमा भएको व्यवस्थाबारे असहमति देखाउँदै शिक्षकहरुको आन्दोलनले गर्दा बालबालिकाहरुको शिक्षण सिकाई क्रियाकलाप प्रभावित भएको छ । त्यस्तै गरी राजापुर नगरपालिकाले पनि नगरपालिकाभित्र रहेका शिक्षकहरुको आन्तरिक दरबन्दी मिलान गर्न खोज्दा शिक्षकहरु आन्दोलित हुँदा विद्यार्थीहरुको पठनपाठन थप प्रभावित भएको थियो ।

राजापुरबाहेक कार्यक्षेत्र रहेको बाँकी ३ वटै पालिकामा अतिरिक्त कक्षा, आन्तरिक परिक्षा लगायत विभिन्न बहानामा शुल्क लिईरहेको अवस्था छ । राजापुर नगरपालिकाभित्रका विद्यालयहरुमा शिक्षकहरु समयमा नै विद्यालय पुगी पठनपाठन गराउनको लागि ई-हाजिरीको व्यवस्था गरिएको छ । यसले गर्दा शिक्षकहरु समयमा विद्यालयमा पुगी पठनपाठन गराई विद्यालयको शिक्षण सिकाई प्रभावकारी रुपमा लागु गर्न सकिन्छ साथै शिक्षकहरुलाई आफ्नो जिम्मेवारी बोध भई गुणस्तरीय शिक्षाको लागि एउटा पहलकदमीको प्रयासको रुपमा लिनुपर्छ ।

- **प्राथमिकता २ अन्तर्गत कार्यान्वयनको प्रमुख क्षेत्रहरु**

- बिद्यालय सुशासन तथा प्रवर्धन तथा शैक्षिक गुणस्तर अभिबृद्धि सम्बन्धि के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रहयो ? (जस्तै बालकेन्द्रित शिक्षण सिकाइ बिधि, नागरीक शिक्षा अध्ययन प्रतिबेदन, प्रबिधिमा आधारित शिक्षण, बिद्यालय ब्यबस्थापनका संजालीकरण, सुशासन, पारर्दिशता र जवाफदेहिता प्रवर्धन, स्कूल टिकाउ दर, सिकाइ उपलब्धि)

**नागरिक शिक्षा प्रतिवेदनबाट प्राप्त जानकारी र सुझावहरुका आधारमा अनुगमन गर्न युवाको अगुवाईमा विद्यालय अंकतालिका अभ्यास संचालन**



नागरिक शिक्षा प्रतिवेदनबाट प्राप्त जानकारी र सुझावहरुका आधारमा अनुगमन गर्न युवाको अगुवाईमा विद्यालय अंकतालिका अभ्यास संचालन गरेका छौं । राजापुर नगरपालिका ३ वटा विद्यालयमा विद्यालय सुशासन र शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्धेश्यले हामीले हाम्रो कार्यक्रम मार्फत सहयोग, समन्वय तथा सहजीकरण गरेका थियौं । उक्त क्रियाकलाप अन्तर्गत एउटा विद्यालय मा अध्ययन गर्ने विद्यार्थीहरुको ३ वटा समुदाय (नजिक, मध्यम र टाढाको समुदाय) गरी र सो विद्यालयको ६ वटा विभिन्न शीर्षकहरुलाई आधार मानी विद्यालयको अंक तालिकाको अभ्यास गरिएको थियो । ती समुदाय र विद्यालयको सुझावहरुको आधारमा विद्यालये पाएको अंकहरुलाई मर्जर गर्दा सन्तोषजनक नदेखिएका शीर्षकहरुमाथि व्यापक छलफल गरी ३ वटै स्कुलको कार्ययोजना बनाई जिम्मेवारी बाँडफाँड गरिएको थियो । र ती कार्ययोजना अनुसार काम भए नभएको फलोअप गर्दा विद्यालयले आफ्नो योजनालाई ३ प्रकारले विभाजित गरी पहिलो आफैंले सुधार गर्नुपर्ने, दोस्रो संघसंस्थाले सहयोग गर्नुपर्ने र तेस्रो स्थानीय, प्रदेश तथा केन्द्रिय सरकारले सहयोग गर्नुपर्ने कुराहरु उल्लेख गरेका थिए । ती योजनामाथि छलफल गर्दा स्वयंले सुधार गर्नुपर्ने कुराहरुमा व्यापक सुधार भएको छ । जस्तैः समयमा विद्यालय आउने, नियमित पठनपाठन गर्ने, अभिभावकहरु पनि विद्यालयमा अनुगमन गर्ने आदि । र संघसस्थाहरुले भौतिक पुर्वाधारको मर्मतसम्भार तथा बालमैत्री कक्षाकोठाको व्यवस्थापन, शिक्षकहरुको लागि क्षमता अभिवृद्धि र पुर्नताजगी तालिम दिनुपर्नेमा केही संघसंस्थाले पनि सहयोग गरेको छ । त्यस्तैगरी स्थानीय, प्रदेश तथा केन्द्रिय सरकारले सहयोग गर्नुपर्ने कुराहरु भौतिक पुर्वाधारको निर्माण आदि रहेको थियो । केही विद्यालयले केही योजना पार्न सफल भएको र केही विद्यालयमा प्रक्रियामा रहेको छ ।

**विद्यालयमा आधारभुत भौतिक सहयोग जस्तैः बसाई व्यवस्थापन, फर्निचर, खानेपानी, शौचालय, खेलकुद सामाग्रीहरुको सहयोग**

कार्यक्षेत्रमा रहेका विद्यालयहरुको भौतिक संरचनाहरुको मर्मतसंभार गरी प्रयोग गर्न सकिने गरी विभिन्न विद्यालयहरुबाट आवश्यकताको आधारमा आएको मागको उचित मुल्याङ्कन गरी सहयोग सम्झौता गरिने गरिन्छ । यस अर्न्तगत विद्यालयमा गेट निर्माण, डेस्कबेन्च सहयोग र शौचालय मर्मत सहयोग लगायत विभिन्न भौतिक संरचनाहरुको लागि सहयोग गरिदैं आएको छ ।



विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई माग भई आएको विद्यार्थीहरुको पठनपाठन सुरक्षित वातावरणमा गराउने उद्धेश्यले कक्षाकोठा व्यवस्थापनका लागि कक्षाकोठा मर्मत, झ्यालढोका मर्मत, शौचालय मर्मत, स्वच्छ खानेपानीको मोटर र धारा सहयोग, बसाई व्यवस्थापनका लागी कार्पेत पिफम, फिल्टर सहितको खानेपानी सहयोग र हेन्डवास स्टेशन सहयोग गरेका छौं । उक्त क्रियाकलाप अर्न्तगत श्री ज्ञानज्योति प्राथमिक विद्यालय राजापुर न.पा.- २ सोहरियामा गेट निर्माण, श्री जनमुखी विद्यालय बढैयाताल गा.पा.- ४

रामनगरमा शौचालय मर्मत, श्री कालिका माध्यमिक विद्यालय राजापुर न.पा.- १ चनौरामा झ्यालढोका मर्मत, श्री नवज्योति आधारभुत विद्यालय राजापुर न.पा.- २ नयाँगाउँमा झ्यालको पल्ला मर्मत, श्री नवज्योति प्राथमिक विद्यालय गेरुवा न.पा.- ५ सुखाडमा कोठाको पल्ला निर्माण, श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बाँसगढी न.पा.- ४ लक्ष्मणपुरमा फलामको डेस्कबेन्च सहयोग, श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय राजापुर न.पा.- २ नयाँगाउँमा ढोका मर्मत र श्री प्रभात आधारभुत विद्यालय बाँसगढी न.पा.- ४ मदाहाको शौचालय मर्मत गरिएको छ ।

**विद्यालयमा बाल तथा छात्रामैत्री वातावरण निर्माणका लागि कक्षाकोठा व्यवस्थापनमा सहयोग (पिफर्म, कार्पेट, बालभित्ते लेखन, खेलौना सामाग्री सहयोग, राउन्ड टेबल सहयोग, डेक्सबेन्च सहयोग)**



कार्यक्षेत्रमा रहेका विद्यालयहरुको बालबालिकाहरुको पठनपाठनमा सहयोग पुगोस भनी बाल तथा छात्रामैत्री वातावरण निर्माणका लागि कक्षाकोठा व्यवस्थापनमा सहयोगको लागि विभिन्न विद्यालयहरुबाट आवश्यकताको आधारमा आएको मागको उचित मुल्याङ्कन गरी सहयोग सम्झौता गरिने गरिन्छ । यस अर्न्तगत विद्यालयमा विद्यालयमा पिफर्म, कार्पेट, बालभित्ते लेखन, खेलौना सामाग्री सहयोग, राउन्ड टेबल सहयोग, डेक्सबेन्च सहयोग शिक्षक, विद्यार्थी र अभिभावक आचारसंहिता लेखन सहयोग आदि सहयोग गरिएको छ ।

विद्यालयमा बाल तथा छात्रामैत्री वातावरण निर्माणका लागि कक्षाकोठा व्यवस्थापनमा सहयोगको लागि नितान्त आवश्यक मागको लागि विद्यालय व्यवस्थापन समितिको बैठक बसेर निर्णय गरी सामग्रीहरुको लिष्ट तयार पारी संस्थाको तर्फबाट हुने सहयोग र विद्यालयको तर्फबाट हुने सहयोग रकम खुलाई संस्थासंग माग गरेका थिए । सो अनुसार रामनगर, बढैयातालमा बालबालिकाहरुलाई खेलौना र शैक्षिक सामाग्री सहयोग गरेका छौ । उक्त क्रियाकलाप अर्न्तगत श्री ज्ञानज्योति प्राथमिक विद्यालय राजापुर न.पा.- २ सोहरियामा, श्री जनमुखी विद्यालय बढैयाताल गा.पा.- ४ रामनगरमा बालकक्षाका विद्यार्थीहरुलाई खेलकुद सामाग्री सहयोग, श्री जनता आधारभुत विद्यालय बढैयाताल गा.पा.- ६ भदोही, विद्यालयमा कक्षाकोठा व्यवस्थापन र खेलकुद तथा शिक्षण सामाग्री सहयोग, श्री नमुना आधारभुत विद्यालय गेरुवा न.पा.- ५ बन्जरिया, श्री नवज्योति प्राथमिक विद्यालय गेरुवा न.पा.- ५ सुखाड, श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय राजापुर न.पा.- ४ टेडिया, श्री नेपाल राष्ट्रिय पशुपति आधारभुत विद्यालय राजापुर न.पा.-१ दौलतपुर, श्री प्रभात आधारभुत विद्यालय बाँसगढी न.पा.- ४ मदाहा, श्री सरस्वती आधारभुत विद्यालय गेरुवा न.पा.- ५ बिन्द्रा र श्री सरस्वती माध्यमिक विद्यालय बढैयाताल गा.पा.- ५ जगतियामा सहयोग गरिएको थियो ।

**चित्रकला हाजिरीजवाफ प्रतियोगिता**



विद्यार्थीको अन्तर्निहित प्रतिभाको पहिचान गर्ने उद्धेश्यले चित्रकला तथा हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको थियो । उक्त क्रियाकलापमा विद्यार्थीहरुको उल्लेख्य सहभागिता रहेको थियो । सो कार्यक्रममा प्रथम, द्धितीय र तृतीय हुने विद्यार्थीहरुलाई पुरुस्कारको व्यवस्था गरेको थियो । उक्त क्रियाकलाप श्री हरियाली जनचेतना बिहानी बालक्लब मनिकापुरमा १ पटक र हरियाली, जनचेतना र बिहानी बालक्लबको

संयुक्त सहकार्यमा १ पटक, बाँसगढीमा, श्री जनजागरण प्रगतिशील बालक्लबमा २ पटक, श्री जनता आधारभुत आधारभुत विद्यालयमा रहेको श्री जनता बालक्लबमा जलवायु न्याय सम्बन्धी चित्रकला र समाजसुधार बालक्लब बढैयातालमा, एकता, लालीगुराँस र गुलाब बालक्लबहरुसँग संयुक्त रुपमा १ पटक र त्यस्तैगरी सृष्टि बालक्लब, सोहरियामा र देव, कोपिला र दीपज्योति बालक्लबहरुको सहकार्यमा रजपुरवामा सम्पन्न भएको छ ।

**हाजिरीजवाफ प्रतियोगिता**




कार्यक्षेत्रमा रहेका विभिन्न बालक्लबहरुको सदस्यहरुको पाठ्यक्रमबाहेक अन्य माध्यमहरुबाट पनि आन्तरिक क्षमताको विकास गर्ने उद्धेश्यले हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको थियो । उक्त क्रियाकलाप अर्न्तगत श्री सुनौलो बिहानी बालक्लब र श्री हरियाली जनचेतना बिहानी बालक्लबसँग संयुक्त रुपमा मनिकापुरमा र श्री प्रभात आधारभुत विद्यालय मदाहा, बाँसगढीमा, कोपिला, समाजसुधार र जनजागरण बालक्लबको सयंक्त सहकार्यमा प्रगतिनगरमा त्यस्तैगरी देव, कोपिला र दीपज्योति बालक्लबहरुको सहकार्यमा टेडियामा र एकता र लालीगुराँस बालक्लबहरुसँग संयुक्त रुपमा १ पटक  र प्रगतिशील बालक्लब नयाँगाउँमा सम्पन्न भएको छ ।

- बाल सहभागिता बढाउनका लागि बालक्लव तथा युवाहरुको परिचालनका पहलबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?

  विद्यालय अंकतालिका र नागरिक शिक्षा प्रतिवेदनबाट आएको सुझावका आधारमा ३ वटै विद्यालयमा सुचना पाटी तयार भई सुचनाहरु सुचनापाटीमा टाँस हुने गर्दछन्, त्यसैगरी विद्यालयको सार्वजनिक लेखा परिक्षण र सार्वजनिक सुनुवाई भएको छ जसले गर्दा पारदर्शिता र जवाफदेहितामा वृद्धि भएको छ । विद्यालयको गतिविधि र गुणस्तरीय शिक्षाको लागि विद्यालयप्रति अभिभावकहरुको चासो बढेको छ ।

  विद्यालयमा बालबालिकाहरुले गलत छुवाईबारे सचेत भई सुझाव पेटीमा उजुरी गर्दा विव्यसमा छलफल भई शिक्षकको व्यवहारमा सुधार भएको छ ।

  विद्यालयमा ईन्टरनेट जडान तथा ICT सामाग्री सहयोग पश्चात शिक्षकहरुलाई पठनपाठनका लागि आवश्यक पर्ने विधि तरिका सहज भएको र प्रशासनिक काममा पनि सहज भएको छ ।

  विद्यालयमा पढ्दै कमाउँदै क्रियाकलापले सामुदायिक धार भएको विद्यालयमा पनि बालबालिकाहरुलाई व्यवहारिक ज्ञान लिन सहज भएको । उक्त कार्यक्रम अर्न्तगत I.Sc. Ag. (Animal)  तर्फ १९ जनामध्ये २ जनाले ऋण लिएर कुखुरापालन र I.Sc. Ag. (Plant) तर्फ ३३ जनाले विद्यालयको लगानीमा तरकारी खेती गरिरहेका छन् ।

- न्यायोचित कर तथा सार्बजनिक शिक्षामा लगानी बढाउंन तथा शिक्षामा नीतिगत सुधारका लागि भएका पहलहरुबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?

  विद्यालयमा शिक्षकको नियमितता तथा बिदाको समयमा पनि शिक्षण सिकाई क्रियाकलाप गर्नाले बालबालिकाहरुको सिकाईमा सुधार भएको छ जसले गर्दा विद्यालयको उपलब्धिमा वृद्धि भएको छ । कक्षाकोठामा सेतोपाटी सहयोगले लेखन र पठनपाठन गर्न सहज भएको छ । नागरिक शिक्षा प्रतिवेदनले विद्यालयको समस्याको पहिचान भई सुधारको लागि तयार भई योजना बनाउन सहज भएको छ । राजापुर नगरपालिकाले कक्षा १ देखि १२ सम्म पुर्णरुपमा निशुल्क शिक्षा लागु गरेको छ ।

- **प्राथमिकता नं २ अन्तर्गत** २०२३ मा भएका **भौतिक** निर्माण **तथा जिविकोपार्जनका लागि गरिएका पहलहरु**

| क्रियाकलाप | स्थान | लाभान्वित संख्या | आर्थिक सहयोग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |
| विद्यालयको भौतिक पुर्वाधारको मर्मतसम्भारको लागि सहयोग | गेरुवा, राजापुर, बाँसगढी र बढैयाताल | | ४५९७६० | | | | |
| विद्यालयको बालमैत्री कक्षाकोठा व्यवस्थापनको लागि सहयोग | गेरुवा, राजापुर, बाँसगढी र बढैयाताल | | ४४३८८८ | | | | |
| | | | | | | | |
| | | | | | | | |

- **प्राथमिकता नं २अन्तर्गतका कार्यक्रमहरु संचालन गर्दा के कस्ता चुनौतीहरुको सामना गर्नु पर्‍यो ?**

अभिभावकहरुको विव्यस, शिअसं र शिक्षाशाखाबाट अनुगमन विद्यालयमा नहुनु त्यस्तैगरी बालबालिकाहरु नेतृत्व लिा हिच्काउनु, डर मान्नु र बाल तथा युवा सहभागिता न्युन हुनु र विद्यालयमा हुने आर्थिक गतिविधिहरुको पारदर्शी नहुनु मुख्य चुनौतीको रुपमा रहेको छ ।

बाँसगढी, गेरुवा र बढैयातालमा विभिन्न बहानामा आन्तरिक परिक्षा, अतिरिक्त कक्षा लगायत विषयमा शिक्षा लिने गरेका छन् ।

विद्यालय परिसरबाहिर विद्यार्थीहरु असुरक्षित महसुस गर्ने तर त्यस बारेमा विद्यालय प्रशासन अनविज्ञ रहेको अवस्था छ । विभिन्न कारणले गर्दा बालबालिकाहरु विद्यालय छाड्ने दर (वार्षिक रुपमा १/२ जना) रहेको छ ।

- यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र कसरी ?

  सबै पक्षसँग गरिएको अनुसन्धानबाट नागरिक शिक्षा प्रतिवेदनमा आएका सुझावहरुको आधारमा सबै पक्षले गर्ने र गर्न सक्ने सुधारका प्रयासको योजनासहित सबैले आ-आफ्नो दायित्व पुरा गरे अवश्य नै परिवर्तन गर्न सकिन्छ भन्ने सिकाई भयो ।

- समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं २ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ । प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्यक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने ।

  संस्थाले अहिलेसम्म गरेको विभिन्न कार्य एकदमै राम्रो, उपलब्धिमुलक र सराहनीय भएकोले भविष्यमा पनि यसप्रकारका सहयोगको आशा रहेको कुरा वनज्योति आधारभुत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री रामकरण थारुले बताउनुभएको छ ।

- घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समुदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने तथा घट्ना अध्ययनहरुको सहमति वा Consent अनिवार्य रुपमा संलग्न गर्ने)

| **शिक्षाको ज्योती बाल्दै नवज्योती** |
|---|

श्री नवज्योती आधारभुत विद्यालय बर्दिया जिल्ला राजापुर न.पा. वडा नं.-२, नयाँगाउ उत्तर टोलमा अवस्थित रहेको छ । स्थानीय बुद्धिजीवीहरु र शिक्षाप्रेमीहरुले गाउँमा विद्यालयको एकदमै आवश्यकता रहेको महसुस गर्दै वि.सं.२०६४/०१/१६ गते यस विद्यालयको स्थापना भएको हो । तत्कालिन गा.बि.स. सचिव स्वर्गीय श्री ठाकुर प्रसाद चौधरी ज्युले उद्घाटन गर्नुभएको थियो । श्री सामुदायिक नीजि प्रा.वि रहेको विद्यालयका थियो र संस्थापक प्र.अ.गणेश बहादुर थारुको जग्गामा विद्यालय रहेको थियो । काठ, खर, बनकस संकलन गरी गाउँलेहरुको श्रमदानबाट यस विद्यालयको टहरा बनाईएको थियो । बि.स.२०६६ सालमा यस विद्यालयले ०-३-० कट्ठा जग्गा किन्न सफल भईयो र सोही बर्ष यस विद्यालयले कक्षा १ को अनुमति प्राप्त गरेको थियो । हाल कक्षा ५ सम्म सञ्चालनमा रहेको यस विद्यालय कक्षा ५सम्म अनुमति प्राप्त गरेको छ । यस विद्यालयको श्रोत केन्द्र सर्वप्रथम पशुपतिनगर थियो तर स्थानीय सरकार भएपश्चात हाल आएर राजापुर श्रोत केन्द्र भएको छ । यस विद्यालयमा राजापुर न.पा. वडा नं. २, नयागाउँ उत्तरटोल बस्तीबाट विद्यार्थीहरु अध्ययन गर्न आउने भएता पनि केही झबही गाउँबाट पनि विद्यालयमा पढने आउने गर्दछन ।



विद्यालय सेवाक्षेत्रका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएको छन् । विद्यालय भर्ना भएतापनि १ जना बालक आमाबुवा कामको शिलशिलामा भारत गएकाले उनीहरु विद्यालय आउन सकेको छैन । अभिभाभकहरुसंग भेटघाट, अभिभावक भेला, वि.व्य.स., शि.अ.स.र शिक्षकहरुबिच बैठक तथा छलफल तथा विद्यार्थीहरुलाई समय समयमा अत्तिरिक्त क्रियाकलप जस्ता कार्यकम गरिरहेका छन । शिक्षा क्षेत्रभित्र कार्यरत संघसंस्थाहरुसंग समन्वय गरेर विद्यालय भर्ना अभियान पनि गरिन्छ  विद्यालयबहिर रहेका बालबालिकाहरुको भर्ना गराउन तथा नियमित उपस्थिति गराउनको लागि नयां भर्ना अभियानको लागि घरदैलो कार्यकम, रेडियो जिङ्गल, गांउगाउमा चौकीदारमार्फत जानकारी गराएर नयाँ विद्यालय भर्ना गराउने गरेको गरेका छन् ।

विद्यालयमा लिंग, जातजाति, धर्म, वा वर्गको आधारमा कुनै पनि शारीरिक दण्ड सजाय दिने गरिदैन । कुनै भेदभाव पनि गरिदैन् । कक्षागत तथा तहगत औषत विद्यार्थीको उपस्थिति ९५ प्रतिशत रहेको छ । विद्यालयमा शिक्षण सिकाई प्रकृया राम्रो हुनुको साथै दिवा खाजाले गर्दा पनि विद्यार्थीहरुको उपस्थिति राम्रो छ । नेपाल सरकारले विद्यालयमा दिवा खाजाको व्यवस्था गरेको छ । साथै लक्षित समुहका विद्यार्थीहरुलाई छात्रवृत्ति दिने गर्दछ । वि.व्य.स.मा छलफल गरी तथा अभिभावक भेला गराएर छात्रवृत्ति वितरण गरिन्छ । छात्रवृत्तिले विद्यार्थीहरुका कपी कमल खरिद गर्न सहज हुने गर्दछ । साथै दिवा खाजाले गर्दा विद्यार्थीहरु उत्सहितका साथ विद्यालय भर्ना भएको र नियमितता रहेको प्र.अ. रामस्वरुप थारु बताउनुहुन्छ । राजापुर नगरपालिकाले कक्षा १२ सम्म कुनै पनि शुल्क नपाईने भनि निःशुल्क घोषणा गरेको छ । त्यसैले विद्यार्थी र अभिभावकहरुले कुनै पनि शिर्षकमा शुल्क तिर्नु पर्दैन । अतिविपन्न परिवारका बालबालिकाहरुलाई वडा कार्यलयमार्फत तथा कमैया महिला जागरण समाज नेपाल र अन्य सरोकारवाला संघसंस्थाले पनि शैक्षिक सहयोग गरिको छ । जसले गर्दा कापी, कलम, विद्यालय पोशाक, तथा झोला आदि नहुदाँ अति विपन्न परिवारका बालबालिकाहरुलाई विद्यालय आउनको लागि खासै फरक परेको छैन् ।

निशुल्क शिक्षा घोषणाको लागि  एक्सनएड नेपाल, कमैया महिला जागरण समाज नेपाल, युवा बखेरी, महिला कृषि समुह, मिडिया कर्मि, बाल क्लब, युवा सञ्जाल, विद्यालय सबैको निरन्तर अभियान र दबाबले वडा तथा नगरपालिकाको सयुक्त प्रयास तथा छलफल बाट नगरसभामा पारित भएर सम्भव भएको हो ।

विद्यालयमा ग्रामीण तथा सहरी विकास कार्यलयले ४ कोठे भवन निर्माण गरि दिएपछि विद्यालयमा भवन तथा कक्षाकोठा पर्प्याप्त भएको छ । २०८० असार मसान्तमा सम्पन्न पश्चात अहिले असुरक्षित टहरोमा बस्न पर्ने बाध्यता हट्नुको साथै कक्षाकोठा प्रर्याप्त भएको छ । कक्षाकोठा व्यवस्थापनको लागि कमैया महिला जागरण

समाज नेपालले विभिन्न चरणमा फर्निचर निमार्ण, पि फर्म, कार्पेट सहयोग, चकटी, बालबालिकाका लागि खेलौना सामाग्री सहयोग, शिक्षकहरुलाई तालिम, ICT को सामाग्री सहयोग गरेको छ । विद्यालयमा नागरिक शिक्षा प्रतिवेदन तयारीपश्चात विद्यालयमा सकारात्मक पक्ष र दुर्वल पक्ष पहिचान भएको थियो । कक्षाकोठामा सानो तथा फुटेका सेतोपाटी रहेको थियो । कमैया महिला जागरण समाज नेपालको सहयोगमा ठुलो सेतोपाटी राखियो अहिले कक्षाकोठामा शिक्षण क्रियाकलाप गर्न सहज भएको छ । विद्यालयमा ICT को प्रयोगबाट कक्षाकोठा व्यवस्थापन हुनुका साथै विद्यालयको प्रशासनिक कार्यको लागि पत्राचार गर्न तथा EMIS भर्न सहज भएको छ । विद्यालयमा शिक्षकको नियमित रहेको छ । सबै शिक्षकहरु विहान ९:४५ भित्र विद्यालय पुग्ने गर्दछन् । विद्यालयको विदाको समयमा पनि पठनपाठन क्रियाकलाप निरन्तर गर्नले विद्यार्थीहरुको सिकाई उपलब्धिमा पनि सकारात्मक प्रभाव परेको छ । कक्षा ५ सम्म अध्यापन हुने यस विद्यालय २०० जना विद्यार्थीहरु रहेका छन् । वि.स. २०७९ को सिकाई उपलब्धि ६०.६१ पुगेको छ र गत वर्षको तुलनामा वृद्धि भएको छ ।

विद्यालयको खेलमैदान एकदमै सानो रहेको छ । जसले गर्दा विद्यार्थीहरुलाई खेल्न खेतमा बाली नभएको अवस्थामा अरुको खेतमा खेल्नुपर्ने अवस्था छ । शौचालय पनि प्रर्याप्त र व्यवस्थित रहेको छैन । मोटरसाइकल र साईकल राख्ने ठाउँ पनि विद्यालयमा छैन । कक्षाकोठाको सरसफाई कार्यालय सहयोगी र विद्यार्थीहरुले गर्नुहुन्छ । एकदमै नियमित तथा दैनिक सरसफाई रहेको छ ।

विद्यालयमा छात्रा तथा छात्रको लागि छुट्टै शौचालयको व्यवस्था रहेको छ । शौचालयहरु पुर्णरुपले प्रयोग गर्न मिल्ने रहेका छन । शौचालय दैनिक र निरन्तर सफा हुन्छ । विद्यार्थी संख्याअनुसार शौचालयको संख्या अपुग रहेको छ । शौचालयमा पानी तथा साबुनको व्यवस्था हुने गर्दछ । शौचालयको सरसफाई विद्यार्थी आफै र कार्यालय सहयोगीले गर्नु हुन्छ । शौचालय प्रयोग गर्दा ढोकाको चुकुल सबैले लगाउन सक्ने रहेको छ । शौचालय जाने बाटो एकदमै सफा र सुरक्षित रहेको छ । विद्यालय हातामा पिउने पानीको व्यवस्था रहेको छ । पिउने पानीको स्रोत हाते पम्प र कमैया महिला जागरण समाज नेपालले उपलब्ध गराएको बायोस्याण्ड फिल्टर (पिउने पानी)मा सबै बिद्यार्थीको सहज तरिकाले पहुंच हुनको साथै कुनै किसिमको भेदभाव छैन । पानी सफा तथा पिउन योग्य रहेको छ । समय समयमा परिक्षण समेत गराईएको छ । विद्यालयमा फोहोर व्यवस्थापनको लागि फोहोर मलाई भाडोमा जम्मा गरी एक ठांउमा थुप्रो परी बिदाको बेलामा जलाईन्छ । विद्यालयको सरसफाई विद्यार्थी, शिक्षक तथा कार्यालय सहयोगी सबै मिलेर गरेका हुन्छन तर कार्यालय सहयोगी दैनिक रुपमा निरन्तर गर्नुहुन्छ ।



कार्यरत शिक्षकको विवरण राहत १ जना, नगर अनुदान ४ जना, सशर्त अनुदान ३ जना गरी ८ जना शिक्षक तथा कर्मचारी रहेका छन् । कार्यरत शिक्षकहरुमध्ये ४ जना महिला ४ पुरुष रहेका छन् । विद्यालय तथ्यांकअनुसार शिक्षकको नियमितता एकदमै राम्रो रहेको छ । कुनै शिक्षक अनुपस्थित भएका बेला अरु शिक्षकहरुले कक्षा सञ्चालनमा सहयोग गरेका हुन्छन ।

२०७९।२।९ गते अभिभावक भेलाबाट विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ पुर्नगठन गरिएको छ । समिति महिला पुरुष तथा जातजाती अनुसार समावेशी रहेको छ । विव्यस तथा शि.अ.स. को निर्णयमा सबैको सहभागिता हुन्छ । सबैको समान सहभागितामा निर्णय गरिन्छ । समितिका पदाधिकारीले तालिम प्राप्त नगरेतापनि सामान्य रुपमा आफ्नो काम, कर्तव्य र अधिकारबारे सचेत छन् । विद्यालयको आर्थिक तथा सामाजिक लेखा परिक्षण समयमै हुने गरेको छ । प्राप्त नतिजाहरुलाई सरोकारवालाहरुबीच सार्वजनिक तथा छलफल गरिन्छ । विद्यालयमा शिक्षक कर्मचारी बैठक, वि.व्य.स. र शि.अ.स. बैठक नियमित बस्ने गरेको छ । बैठकमा विद्यार्थीको पढाईको गुणस्तर, सिकाई उपलब्धी, अतिरिक्त कियाकलाप सञ्चालनको बारेमा छलफल हुने गर्दछ । विद्यालयमा अभिभावकहरुको सहभागिता राम्रो रहेको छ । अभिभावक भेला र कहिलेकाँही आफ्नो

बालबच्चाहरुको पढाईका लागि विद्यालयमा आएर छलफल गर्दछन् । विशेष गरी अभिभावक भेलामा उहाँहरुको उपस्थिति रह्दै आएको छ । सार्वजनिक सुनुवाई, अभिभावक भेला र अन्य आवश्यक छलफलमा अभिभावकहरुलाई बोलाईन्छ । उनीहरुलाई सम्बन्धित विद्यार्थी मार्फत र चौकीदारमार्फत सुचना वा जानकारी दिइने गरिन्छ । विद्यालयको बार्षिक कार्यक्रम तथा बजेटबारे जानकारी आवश्यकता अनुसार अभिभावकहरुलाई गराईन्छ ।

विद्यालयमा शिक्षकहरुबिच एक आपसमा सिक्ने र सिकाउने संस्कृति तथा सहयोगी भवना रहेको पाईन्छ । शिक्षकहरुले कक्षाकोठामा शिक्षणको क्रममा पाठयपुस्तक र सेतोपाटीबाहेक शिक्षकहरु कम्प्युटर, प्रोजेक्टर, स्थानीय खेलौना आदि समाग्रीहरुको प्रयोग गरि रहेका छन् । शिक्षण सिकाईलाई दिगो, प्रभावकारी तथा मनोरञ्जनात्मक बनाउनका लागि शिक्षकले आई.सि.टी.को प्रयोग गर्नुहुन्छ । शिक्षण सिकाईको अलावा बालबालिकाहरुलाई अतिरिक्त क्रियाकलापको पनि आयोजना गरिन्छ । हाजिरीजवाफ प्रतियोगिता, खेलकुद, सांस्कृतिक कार्यक्रम आदि हुने गर्दछ ।

विद्यालयको आफ्नो् आम्दानीको श्रोत छैन । तर विभिन्न सहयोगहरु समय समयमा पालिका र संघसस्थाबाट प्राप्त भइरहेको छ । आवश्यकता अनुसार अभिभावक तथा अन्य सरोकारवालाहरुलाई जानकारी दिने गरेको छ । शिक्षक तथा विद्यार्थीहरुका लागि आचारसंहिता छ । सबैले देख्ने ठाउँमा राखिएको छैन । आचारसंहिता सबैले पालना गरेका छन । आचारसंहिता पालना नगरेमा नियमानुसार जरिवाना हुन्छ ।

**विद्यालयमा बढ्न थाल्यो विद्यार्थीहरुको कक्षामा नियमितता**



बाँसगढी नगरपालिका वडा नं. ४ मदाहामा शौचालयको अवस्था विगत ४ वर्षदेखि जीर्ण अवस्थामा रहेको र प्रयोग भईरहेको शौचालयमा छिर्न नसक्ने फोहोर र दुर्गन्धित अवस्थामा विद्यार्थीहरु बाध्यताबस शौचालय जानुपर्ने र पिसाब शौचालयको सायदमा गर्ने गरेको अवस्था थियो । जसको कारण विद्यार्थीहरु दिसापिसाब रोकेर बस्ने कि घर गएर शौचालय गर्ने गरेको थिए । र बिचैमा कक्षा छोड्ने समस्या थियो । "बाबु तिमी किन बिचमै स्कुल छोडेर घर आएको हँ ।" भनेर आमाले आफ्नो कक्षा ५ मा श्री प्रभात आधारभुत विद्यालय मदाहामा अध्ययनरत एक विद्यार्थीलाई प्रश्न सोध्नुभयो । विद्यार्थी, "आमा मलाई दिसा लागेर आएको हो" भनेर उत्तर दिन्छन । आमा फेरी सोध्नु हुन्छ ,"तिम्रो विद्यालयमा शौचालय छ त यहाँ किन आएको ?" विद्यार्थी फेरी भन्छन् ,"शौचालय भएर मात्र के गर्ने भित्र छिर्नै सकिन्न जताततै दिशा नै दिशा हुन्छ, पानी पनि हुँदैन धाराका टुटी सबै भाचिएका छन । त्यही भएर घर आएको हो । अब म घर आइसके फेरी फर्केर जाँदैन आज अब भोली नै जानुपर्ला" भनेर बच्चाले जिद्दी गरेपछि आमाको केही लाग्दैन र बच्चा अर्को दिनमात्र विद्यालय जान्छ । माथी उल्लेखित घटना एक प्रतिनिधि घटना हो । स्वयंम हामी शिक्षक कर्मचारी समेत शौचालय गर्न घरमा र अन्यत्र जानुपर्ने बाध्यता थियो । शौचालयको अवस्था जीर्ण र पानीको व्यवस्था नभएकोले विद्यार्थीहरुले बीचमै छोड्ने गरेको अवस्था थियो जसले गर्दा पढाईमा निरन्तरता कम हुने गरेको अवस्था थियो ।




तर कमैया महिला जागरण समाज नेपालको आर्थिक सहयोगमा यसै बर्ष शौचालय मर्मत गरी पानीको राम्रो व्यवस्था गरेपछि शौचालय सफा र दिशा

| |
|---|
| पिसाब गरिसकेपछि पानी हाल्ने राम्रो व्यवस्था भएकोले विद्यार्थीहरुले दिसा पिसाब रोकेर बस्नुपर्ने बाध्यताको अन्त्य भएको छ । शौचालय जानुपर्दा विद्यालय छोडेर घरमा जानुपर्ने बाध्यता बाट मुक्त भएको छ ।शौचालयको अवस्थामा सुधार आएको छ । दैनिक गरिने शौचालय सरसफाईले दुर्गन्ध र प्रदुषणबाट मुक्त भएको छ । विद्यालयको वातावरण स्वच्छ भएको छ । जसले गर्दा विभिन्न संक्रमण रोगबाट बचाउ भएको छ भने विद्यार्थीहरु नियमित विद्यालय आउने भएकोले शिक्षण सिकाईमा सुधार हुने भएको छ । यसरी हाम्रो यस श्री प्रभात आधारभुत विद्यालयको शिक्षामा गुणस्तरवृद्धि गर्नमा कक्षाकोठामा बसाई व्यवस्थापनदेखि लिएर विभिन्न सहयोग गर्दै आएकोमा कमैया महिला जागरण समाज नेपाललाई धेरै धेरै धन्यबाद दिन चाहन्छु र आगामी दिनहरुमा पनि सहयोग गर्नुहुने आशा गरेका छौ, प्र.अ. कमल बहादुर खत्रीले भन्नुभएको छ । |

- प्राथमिकता नं २ को बजेट विवरण

| स्विकृत बजेट | कुलखर्च | खर्च प्रतिशत |
|---|---|---|
| 1,494,721 | 1,411,409 | 94.43% |

## प्राथमिकता नं ३: उत्थानशील जिविकोपार्जनका लागि दिगो आर्थिक विकल्पको प्रवर्धन ।

- परिवेश विश्लेषण गर्ने (हाम्रो प्राथमिकता र कामसंग सम्बन्धित मात्र)

महिला कृषक समुहका सदस्यहरु वडा कार्यालय, नगरपालिकामा योजना पेश गर्न सक्ने भएका छन् । पालिकाबाट प्रदान गरिने अनुदानको कार्यक्रमहरुबारे समुहका सदस्यहरु स्वयं सम्बन्धित शाखामा गराएर जानकारी लिने गरेका छन् । समुहका सदस्यहरु कषिका साथसाथै गैरकृषि व्यवसायमा पनि आकर्षित हुन थालेका छन् साथै समुहका सदस्यहरु कृषि पेशालाई व्यवसायिक रुपमा अगाडि बढाउँदै लागिरहेका छन् । समुदायका महिला कृषक सदस्यहरु र पालिकाको कृषि शाखाबीच समन्वय तथा सम्बन्ध राम्रो भएको छ । महिला कृषक समुहका सदस्यहरुले पालिका तथा विभिन्न संघसंस्थाहरुबाट प्रदान गरिने अनुदानहरुको लागि प्रस्तावना लेखन तथा योजना मागको लागि निवेदन लेख्नको लागि सहजीकरण गरिएको छ । त्यस्तैगरी समुह/सहकारी परिचालनको लागि सहजीकरण गरिरहेको अवस्था छ ।

दिगो कृषिका लागि भएका विकल्प निर्माणमा कृषिमा आधारित आर्थिक तथा जिविकोपार्जनका गरिएको क्रियाकलापहरु गर्दा देखिएका प्रभावहरु जस्तैः समुदायमा मानिसहरु अर्गानिक पर्यावरणिय कृषि सम्बन्धि तालिम लिई झोलमल बनाउनुका साथै प्रयोग गरेका छन् । गोठ सुधार सहयोग पश्चात कृषकहरुलाई मलमुत्र संकलन गर्न सहज भई झोलमल बनाउन सजिलो भएको र आवश्यकताका आधारमा प्रयोग गरिरहेका छन् । अर्गानिक तरकारी खेतिको उत्पादनमा बृद्धि गर्नका लागि गोबर ग्याँसबाट निस्किएको मल प्रयोग गरी आम्दानीमा बृद्धि भएको छ ।

**अर्गानिक कृषि उपज बजारीकरणका लागि बजार सम्वाद कार्यक्रम ।**

स्थानीय तह, व्यापारी, उत्पादक र कृषकहरु बीच बजार संवादमा कार्यक्रम गेरुवा गाउँपालिकामा सम्पन्न भएको छ । उक्त संवाद कार्यक्रम स्थानीय तह, व्यापारी, उत्पादक र कृषकहरु बीच कृषि उत्पादन र बजारीकरणको अवस्था बारेमा गहन छलफल भएको थियो । सो कार्यक्रम पालिकालाई आर्गनिक पकेट क्षेत्र बनाइने योजना रहेको तथा बजारीकरण र ब्राण्डिङ्गको लागि नीतिगत व्यवस्थाको अभाव रहेको कुरा सबैले स्वीकारेका थिए । कार्यक्रम पश्चात किसानहरुले उत्पादन गरेको तरकारी सहज तरिकाले बिक्री हुनुका साथै किसान र व्यापारी बीचको सहकार्य बढेको छ ।




गेरुवा र राजापुरका कृषक महिला समुहका सदस्यहरुले उत्पादन गरेको उपजहरुको बजारीकरणको लागि पालिकाका जनप्रतिनिधिहरु, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिज्युहरु, व्यापारीहरु, महिला कृषक समुहका सदस्यहरु र सम्बन्धित सबै सरोकारवालाहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा जनप्रतिनिधिहरुसमक्ष कृषकहरुले आफ्नो बस्तुको भाउ, बजारीकरण, उत्पादकत्व लगायत विभिन्न समस्याहरु राखेका थिए भने जनप्रतिनिधिहरुको ती समस्याहरुको समाधान गर्ने र कृषकहरुको लागि पालिकाबाट विभिन्न अनुदानका कार्यक्रम सहयोग गर्ने  र कृषकहरुका लागि विभिन्न योजना तथा कार्यक्रमहरु ल्याउने प्रतिबद्धता जाहेर गर्नुभयो ।

**दिगो कृषि रणनैतिक योजना निर्माण कार्यशाला गोष्ठी**



गेरुवा गाउँपालिकालाई कृषिमा आर्गनिक पकेट क्षेत्र बनाइने योजना अनुरुप कृषि सम्बन्धि रणनीतिको बारेमा गेरुवा गाउँपालिकामा ३ दिने कार्यशाला गोष्ठीको आयोजना गरेको थियो । उक्त कार्यशाला गोष्ठीमा स्थानीय तहसँगको समन्वयमा जनप्रतिनिधि, विषयगत शाखाका प्रमुख तथा प्रतिनिधि तथा कृषकहरुको सहभागिता रहेको थियो । उक्त कार्यशाला गोष्ठीमा तयार भएको ड्राफ्टलाई अन्तिम रुप दिनको लागि २ पटक छलफल भई रणनीति योजना निर्माण भईसकेको र कार्यपलिकाबाट पास भई वेभसाईटमा पनि राखिसकेको छ । स्थानीय सरकारले कृषि प्रवर्द्धन गर्न अर्गानिक उत्पादनका लागि माटो परीक्षण, बाली उपचार सेवा प्रदान गरेको छ ।

**सामुदायिक होमस्टे व्यवस्थापनका लागि तालिम**

गेरुवा गाउँपालिकामा आन्तरिक पर्यटन व्यवसायलाई प्रवर्द्धन गरी साना किसानहरुलाई लघु उद्यमतिर आकर्षित गरी आयआर्जनमा टेवा पुर्‍याउने उद्धेश्यले २ दिने तालिमको आयोजना गरेका थियौं । उक्त तालिममा ५ घरधुरीका जम्मा ९ जना साना किसानहरुको सहभागिता रहेको थियो । उक्त तालिममा अतिथिहरुको स्वागत, रुचिको बारेमा र व्यवसाय गर्दा आउनसक्ने चुनौती तथा समस्याहरु र सम्भावनाहरुको बारेमा सहजीकरण गरिएको थियो । सहभागीहरुले तालिमबाट पाएका ज्ञानको सहि सदुपयोग गर्ने, आफ्नो व्यवसायलाई आगामी दिनमा निरन्तरता दिने कुरा राख्नुभएको थियो ।

तालिमबाट प्राप्त गरेको कुराहरुबाट ग्रामीण पर्यटन विकासमा सहयोग गरेको र आयआर्जनको स्रोत भएको छ । ग्रामीण प्रर्यटनको विकास गरेर स्थानीय कृषि उपजहरुको बजारीकरण गर्ने र पर्यटकीय स्थलहरुको संरक्षण र प्रवर्द्धन गर्ने रहेको छ । ग्रामीण भेगमा पर्यटनको धेरै नै सम्भावना भएपनि स्थानीय समुदायमा त्यो खालको ज्ञानको अभावले गर्दा उनीहरुले उचित लाभ लिन नसकेकोले ती समस्या समाधानको लागि थोरै भएपनि संस्थाले सहयोग गरेर साना व्यवसायतर्फ प्रेरित गरी गैरकृषिमार्फत साना व्यवसायलाई प्रवर्द्धन गर्ने प्रयास रहेको थियो । गेरुवा गाउँपालिका आफैंमा ग्रामीण प्रर्यटनको प्रचुर सम्भावना बोकेको पालिका हो । यहाँ आउनको लागि आन्तरिक

पर्यटकहरुलाई आकर्षित गर्न सकियो भने साना किसानहरुलाई साना व्यवसायतर्फ आकर्षित गर्न सकिन्छ । त्यस्तैगरी यहाँका कृषि उपजहरुलाई व्यवसायिक रुपमा प्रवर्द्धन गरी अर्गानिक उत्पादनलाई ब्रान्डिङ्ग गर्न सकियो भने लघु उद्यमलाई प्रोत्साहन गर्न सकिन्छ ।

○ **महिला कृषकको क्षमता वृद्धिका लागि कृषि पाठशाला संचालन**




महिला कृषक समुहका सदस्यहरुले कृषि पेशा लगायत तरकारी खेतीलाई व्यवसायिक रुपमा प्रवर्द्धन गर्ने क्रम विभिन्न कृषि सम्बन्धी समस्याहरु आउने गरेको र ती समस्याहरु आउँदा ध्यान दिनुपर्ने कुराहरुको बारेमा सैद्धान्तिक र प्रयोगात्मक दुवै ज्ञान होस् भनी कार्यक्षेत्र रहेका सम्बन्धित पालिकाहरुका कृषि शाखासँग समन्वय गरी कृषि प्राविधिकहरुसँग प्रत्यक्ष अर्न्तक्रिया वा छलफल गरी कार्यक्रम सम्पन्न भएको थियो ।

विशेष गरेर बालीमा लाग्ने रोग, त्यसको औषधी र तरकारीबाली लगाउने समय, माटोको परिक्षण, बाली लगाउने तरिका आदिको बारेमा कृषकहरुलाई अभिमुखीकरण गरिएको थियो । महिलाहरुलाई तरकारी उत्पादन कसरी बढाउने र बजार व्यवस्थापन, खेती तालिमबाट दक्ष बनाई आयआर्जन गरी तरकारी खेतीको उत्पादनमा वृद्धि गर्ने, तरकारी उत्पादन कसरी बढाउने तथा बजार व्यवस्थापन, तरकारी खेती सम्बन्धी ज्ञानमा अभिवृद्धि गर्ने, तरकारी खेती उत्पादन प्रविधि सम्बन्धी सीप प्रदान गर्ने, तरकारी खेती उत्पादनका वर्तमान प्राविधिक समस्या समाधान गर्ने र दक्ष बनाउने, उत्पादित तरकारीलाई के कसरी ग्रेडिङ गर्ने र व्यवस्थापन कसरी गर्ने बारे छलफल भएको थियो ।

○ **व्यवसाय सुरुवातको लागि विपन्न कृषकहरुलाई अनुदान सहयोग**

कार्यक्षेत्रमा रहेका महिला कृषक समुहहरुका सदस्यहरुलाई व्यवसाय सुरुवात गरी आफ्नो आयआर्जनको गर्नको लागि सदस्यहरुमध्ये अति विपन्न, ईच्छुक र आवश्यकताको आधार हेरी महिला कृषकहरुलाई अनुदान सहयोग गरिएको छ । ती सहयोगमध्ये किराना पसलः २ जना, नास्ता पसल (ठेला) व्यवसायः २ जना सहयोग, पशुपालन सहयोगः बाख्रापालन ६ जना, बंगुर ४ जना र भैंसीपालन १ जनालाई सहयोग गरिएको छ ।




यसरी विपन्न परिवारका कृषकहरुले आफ्नो कृषि पेशालाई बिस्तारै गैरकृषिमा रुपान्तर भई आयआर्जनको मुख्य श्रोत बनाई राम्रो आम्दानी गरिरहेका छन् । मुक्त कमैयाहरुको मुख्य समस्या नै जग्गाको रहेकोले कृषिको लागि धेरै जग्गाको आवश्यकता हुने गरेको तर साना व्यवसाय गर्दा जग्गाको धेरै आवश्यकता नपर्ने र आम्दानी पनि हुने भएकोले एउटा वैकल्पिक पेशाको रुपमा पनि लिन सकिन्छ ।

○ **प्राङगारिक कृषि प्रवर्द्धनको लागि कृषकहरुको क्षमता अभिवृद्धिका साथै अर्गानिक उत्पादन र बजारीकरणमा सहयोग**

कार्यक्षेत्रमा रहेको महिला कृषक समुहहरुका सदस्यहरुलाई तरकारी खेती गर्न सहयोग पुगोस भनी समुहको माग र सिफारिसको आधारमा सदस्यहरुलाई ८ जनालाई प्लाष्टिक टनेल, र तरकारी खेती गरिरहेका सदस्यहरुलाई बिउविजन, बेसार खेती प्रवर्द्धनको लागि २४ जनालाई र थारु आलु सहयोगः २२ जनालाई सहयोग गरिएको छ ।

त्यस्तैगरी जम्मा ३०९ जनालाई विभिन्न तरकारीबालीका बिउहरु (जस्तै करेला, काँक्रा, लौका, खुर्सानी र बोरी) सहयोग गरिएको छ । महिला कृषकहरुको मुख्य पेशा नै कृषि खेती हुने गरेकोले उक्त पेशाबाट पनि केही आम्दानी

होस् भनी व्यवसायिक रुपमा लागि आयआर्जनको स्रोत बनाउन सकिन्छ भनी तरकारी बाली लगाउन प्रोत्साहन गरिन्छ ।

**○ पढ्दै कमाउदै कार्यक्रम अर्न्तगत व्यवसाय गर्न घुम्तीकोष र उत्पादित वस्तु बजारीकरणको लागि प्रर्दशनी केन्द्र सहयोग ।**

बाँसगढी नगरपालिका वडा नं. ४, बठुवामा रहेको जनता माध्यमिक विद्यालयमा पढ्दै कमाउदै कार्यक्रम अर्न्तगत विद्यार्थीहरुलाई व्यवसाय गर्न रु. २ लाख घुम्तीकोष सहयोग गरिएको छ भने विद्यार्थीहरुको उत्पादनलाई बजारीकरणमा सहयोग पुगोस भनी प्रर्दशनी केन्द्रको सुरक्षाको लागि रु १ लाख बराबरको ग्रिल झ्याल सहयोग गरिएको छ ।

विद्यालयमा आधारित पढ्दै कमाउँदै कार्यक्रम सम्बन्धी छलफल तथा अर्न्तक्रिया कार्यक्रम २ पटक राजापुरमा सम्पन्न भएको छ । पहिलो चरणमा राजापुर नगरपालिकाका जनप्रतिनिधिहरु र सम्बन्धित विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिज्युहरुलगायत पत्रकारहरुको सहभागिता रहेको थियो भने दोस्रो चरणमा राजापुर नगरपालिका भित्र रहेका ९ वटै माध्यमिक विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रतिनिधिहरु, प्रधानाध्यपक तथा प्रतिनिधिहरु र विद्यार्थीहरुसँग पढ्दै कमाउँदै कार्यक्रमको बारेमा छलफल तथा अर्न्तक्रिया सम्पन्न भएको छ । उक्त कार्यक्रममा राजापुर नगरपालिकाका नगरप्रमुखले पढ्दै कमाउँदै कार्यक्रम एकदमै राम्रो भएकोले पालिकाले चालु आर्थिक वर्षमा ९ वटै विद्यालयमा कार्यक्रम लागु गर्नको लागि २/२ लाखका दरले प्रत्येक विद्यालयमा रकम विनियोजित गर्ने र पढ्दै कमाउँदै कार्यक्रमको कार्यविधि बनाएरै लागु गर्ने प्रतिबद्धता गर्नुभएको छ । त्यस्तैगरी शिक्षकहरुले पढ्दै कमाउँदै कार्यक्रम लागु गर्दा कतै विद्यार्थीहरुको पढाई विग्रिने हो कि भन्ने रहेको तर आजको छलफल तथा अर्न्तक्रिया कार्यक्रमले सबै कुरा प्रष्ट भएको कुरा राख्नुभएको थियो ।

**○ लेखा व्यवस्थापन सम्बन्धी महिला समुहहरुलाई अभिमुखीकरण**



महिला कृषक समुहका सदस्यहरुलाई घुम्तीकोष र मासिक बैठकको रकमको हिसाबकिताब दुरुस्त राख्न सकियोस भनी कार्यक्षेत्रका महिला कृषक समुहका सदस्यहरुलाई १ दिने आधारभुत लेखा व्यवस्थापनको लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम ४ वटा पालिकामा ३ ठाउँमा केन्द्र बनाई २६ समुहका विषेशगरी अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सहभागी गराईएको थियो भने कतिपय कार्यव्यस्तताका कारणले कार्यक्रममा सहभागी हुन नसकेकोमा समुहका अरु क्रियाशिल सदस्यहरुलाई प्रतिनिधिहरुको रुपमा सहभागी भएका थिए ।

उक्त अभिमुखीकरण कार्यक्रम पश्चात महिला कृषक समुहका सदस्यहरुले आफ्नो हिसाबकिताब आफैं दुरुस्त राख्न सक्नेछन भन्ने आशा गरिएको छ । कार्यक्रममा लामो समयदेखि हामीहरु समुहको हिसाबकिताब गर्दै आएको तर विभिन्न समयमा हिसाबकिताबमा समस्या आउने गरेकोले लेखा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रमले धेरै नै सहयोग गरेको छ भन्ने भनाई सहभागीहरुको रहेको थियो ।

**○ युवाहरुका लागि Online Career Councelling तालिम**

गेरुवा र राजापुरका स्थानीय युवाहरुलाई मध्यनजर गर्दै युवाहरुका लागि Online Career Councelling सम्बन्धी ३ दिने तालिम राजापुरमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा अनलाईन ठगी, अनलाईनमार्फत क्यारियरका अवसरहरु, लक्ष्य निर्धारण, जागिरको अवसर, अर्न्तवार्ताको नमुना अभ्यास लगायत विभिन्न विषयमा जानकारी गरिएको थियो । तालिममा २२ जना युवाहरुको सक्रिय सहभागिता रहेको थियो ।



उक्त तालिममा सामाजिक सञ्जालका फाईदाहरु, साईबर बुलिङ र यसको परिणामहरु, अनलाईन ठगीको बारेमा सचेतना, अनलाईन रोजगार र अवसरहरु, विभिन्न अनलाईनका रोजगारको बारेमा आम बुझाई, अनलाईन रोजगारको बारेमा प्रयोगात्मक अभ्यास, लक्ष्य निर्धारण, सञ्चार सीप, अन्तर्वार्ताको प्रयोगात्मक अभ्यास आदिका बारेमा जानकारी गराईएको थियो । तालिमका विषयवस्तु एकदमै राम्रो भएकोले यसप्रकारको तालिम अरु युवाहरुले पनि पाए अझ राम्रो हुने भन्ने भनाई युवा सहभागीहरुको रहेको थियो ।

**गैर कृषिमा आधारित जिविकोपार्जनका क्रियाकलापहरु**

गैरकृषि व्यवसायमा महिलाहरुलाई सहयोग पश्चात आम्दानीमा बृद्धि हुनुको साथै महिलाहरु स्वरोजगार भएका छन । समुदायमा उद्यमशीलता बृद्धि गर्नका लागि २ वटा मिल सहयोग पश्चात सहकारीले थप २ वटा मिल आफ्नो स्वामित्वमा खरिद गरी सञ्चालन गरी लाभान्वित भएका छन । महिलाहरु के एम जे एस बाट ढकिया बुनाई तालिम लिई अहिलेको अवस्थामा कार्यक्षेत्रका २ जना महिला घरेलु तथा सानो उद्योग (लघु उद्यम) बाट सञ्चालन भईरहेको २० दिने ढकिया बुनाई प्रशिक्षकको रुपमा जिम्मेवारी पाएका छन ।

- महिला, कृषक तथा उद्यमीहरुको आर्थिक समुन्नतिका लागि लैंगिकमैत्री बजार प्रवर्धन सम्बन्धी क्रियाकलापहरुबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?

  महिला कृषक समुहका सदस्यहरु स्थानीय तहमा प्रस्तावना पेश गरी ५०% र १००% अनुदानबाट निम्न प्रकारका वस्तुहरु प्राप्त गरेका छन् । जस्तै :

  - तरकारीको बीउ ३०४ जना
  - रिफर १ जना
  - सिँचाई मोटर १ जना
  - चारा मेसिन १ जना
  - गहुँको बीउ ५८ जना
  - दुना टपरी बनाउने तालिम ३ जना
  - टनेल १७ जना
  - ढैंचाको बीउ ५० जना
  - मिनिटिलर १ जना
  - धानको बीउ ६५ जना (२५५५ केजी)
  - च्याउको बीउ ४२२ प्याकेट (२०० ग्राम)
  - ढाकियाको तालिम ५७ जना
  - त्रिपाल ३७ जना
  - बार्सिङ्ग घाँस ६४ जना (६४ केजी)

- वातावरणमैत्री दिगो खेतीपाती सम्बन्धी हामीले गरेका क्रियाकलापहरुबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?

  बेसारको बजार प्रवर्द्धनको लागि कृषि कार्यालय राजापुरसँग समन्वय गरी जिल्ला बाहिर प्रदर्शन तथा बिक्री वितरणका लैजाने गरेका छन् ।

  ५९ जनाले बीमा (पशुबीमा) गराएको र ६ जना (राजापुर र बढैयातालमा ३/३ को दर) ले रु. ५०५०० पशु बीमाङ्क रकम चेक मार्फत प्राप्त गरेका छन् ।

  स्थानीय सरकार गेरुवा गाउँपालिकाको अर्गानिक कृषि प्रवर्द्धनको लागि दिगो कृषि रणनैतिक योजना कार्यपालिकाबाट पास गरी अर्गानिक कृषि खेतीका लागि माटो परिक्षण, बाली सुधार (उपचार), अर्गानिक कृषि तालिममा २७ जना महिला संलग्न भएका थिए ।

  संस्थाले गरेको प्रत्यक्ष सहयोग र महिला कृषक समुहका सदस्यहरुलाई संस्थाबाट प्रदान गरिएको घुम्तीकोषबाट ऋण लगानी गरी तपसिलको व्यवसाय संचालन गरेका छन् ।

- बाखापालन ९२ जना
- किराना तथा किराना पसल ३३ जना
- भैंसीपालन ३१ जना
- केरा खेती ४ जना
- मोबाई मर्मत १ जना
- तरकारी खेती ५६ जना
- कुखुरापालन १ जना
- गाईपालन २ जना
- ढकिया १५ जना

बंगुरपालन ५३ जना
ठेला व्यवसाय ३ जना
पुस्तक पसल १ जना
होमस्ते १ जना
च्याउ खेती ३० जना
टेलरिङ्ग व्यवसाय ११ जना
आलु खेती २७ जना
बेसार खेती २४ जना
घुम्तीकोष रकम परिचालनमा वृद्धि भएको छ ।

○ माथि उल्लेखित क्षेत्र बाहेक यस अवधिमा हाम्रो पहलहरु के कस्ता रहे ?

हामीले महिला कृषक समुहका सदस्यहरुको जीविकोपार्जन तथा आयआर्जनमा टेवा पुऱ्याउनको लागि वडा कार्यालय, नगरपालिकासँग समन्वय गरेका छौं भने कृषि तथा पशुसेवा शाखा लगायत विभिन्न सम्बन्धित शाखाबाट जारी भएको सुचना समुदायका सदस्यहरुलाई प्रवाहित गर्ने गरेका छौं ।

त्यस्तै गरेर महिला कृषक समुहका सदस्यहरुले पालिका तथा विभिन्न संघसंस्थाहरुबाट प्रदान गरिने अनुदानहरुको लागि प्रस्तावना, निर्णय, निवेदन लेख्नमा सहजीकरण गर्ने गरिएको छ । समुदायका सदस्यहरुलाई व्यवसाय गर्नमा प्रोत्साहन गर्ने गरिएको छ भने झोलमोल जैविक विषादी प्रयोग गर्न सल्लाह सुझाव दिने गरिएको छ । कृषि र पशुबीमासम्बन्धी जानकारी दिने गरिएको छ भने कृषि उपजको बजार मुल्यबारे जानकारी गर्ने गरिएको छ । त्यस्तै गरेर समुदायका सदस्यहरुले गरेको व्यवसायको अनुगमन (पालिका र कृषि शाखाहरुबाट) गर्ने गरिएको छ । पशुपालन बीमाका लागि समूहहरुको सदस्यहरुलाई पशु विमा सम्बन्धि अभिमुखिकरण र पशु सेवा तथा बीमा कम्पनी सँग सहकार्य गरेको छ । ३९ जना सदस्यहरुले पशु बीमा गरेको र ३ जनाले बीमाङ्क रकम बराबरको बीमा कम्पनीबाट दाबी गरी चेकमार्फट भुक्तानी लिएका छन् ।

कार्यक्षेत्र रहेका सबै पालिकामा जम्मा २ वटा सहकारी र २२ वटा समुह रहेका छन् । जसमा सबै समुहमा गरेर जम्मा ७२१ जना सदस्य रहेका छन् । त्यस्तै गरी ऋण लिएको सदस्य संख्या ४५८ रहेको छ भने संस्थाको सहयोग ४४,८५,००० रहेको र जम्मा लगानी ३,३३,१७,२०२ रहेको छ ।

कृषक पाठशाला सञ्चालन पश्चात समुदायका कृषकहरु जैविक र अर्गानिक तरकारी उत्पादन का लागी झोलमल बनाउन, स्थानीय स्रोत तथा कच्चा पदार्थ पहिचान गर्नुका साथै, कृषि शाखाले अर्गानिक मल बनाउने तालिम सञ्चालन गर्नुका साथै अर्गानिक मल बनाउनका लागि दैंचाको बीउ निशुल्क सहयोग गरेको छ ।

- प्राथमिकता नं ३ अन्तर्गत २०२३ मा गरिएका भौतिक निर्माण सम्बन्धि पहलहरु

| **क्रियाकलाप** | **स्थान** | **लाभान्वित संख्या** | **आर्थिक सहयोग** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |
| प्रदर्शनी केन्द्रमा ग्रिल निर्माण सहयोग | | | १००००० | | | | |

- **प्राथमिकता नं ३ अन्तर्गतका कार्यकमहरु संचालन गर्दा के कस्ता चुनौतीहरुको सामना गर्नुपऱ्यो ?**

घुम्ती कोषमा रहेको रकम समुहका सदस्यहरुमा लगानी गरेको र केही सदस्यहरुबाट ती रकमहरु उठाउन गाह्रो भईरहेको छ । त्यस्तै गरी होमस्टे व्यवस्थापन तालिम लिएका सहभागीहरुले होमस्टे सञ्चालन गर्न अनिच्छुक देखिएकाले त्यो कार्यक्रम स्थगित गर्ने अवस्था रहेको छ ।

महिला कृषक समुहका विपन्न सदस्यहरुलाई गरिएको सहयोगबाट कुनै पनि किसिमको जोखिम नहोस् भनी कृषि र पशु बीमाको लागि पहल गर्दै आईरहेकोमा कृषि र पशु बीमाको झन्झटिलो प्रक्रिया रहेको हुनाले कृषकहरु बीमा कार्यक्रमप्रति आकर्षण गर्न गाह्रो भईरहेका छ । २ जना सदस्यले बाख्रा बीमा गरेको तथा एजेन्सीले बीमा दर्ता नभएको भन्दै भुक्तानी दिन नमानेको अवस्था छ ।

अर्गानिक तथा जैविक खेतीमा रोग तथा किराको बढी प्रकोप हुने गरेकोमा स्वभाविक रुपमा उत्पादन कम हुने गरेका छ । जसले गर्दा अर्गानिक खेतीका लागि कृषक आर्कषण कम हुने गरेका छन् । त्यस्तै गरी पालिकाबाट प्रदान गरिने अनुदान कार्यक्रममा आसेपासेको मात्रै पहुँच हुने गरेकोले वास्तविक लाभ पाउनुपर्ने कृषकहरु वञ्चित हुनु परेको छ ।

- यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र कसरी ?

  विगत वर्षहरुमा महिला कृषि समुहका सदस्यहरुको क्षमता अभिवृद्धि गर्दा हाल आएर उनीहरुले विभिन्न संघसंस्थाहरुमा आफनो माग दाबी गरिरहेको अवस्था छ । त्यसैले कसैलाई माछा मारेर दिनुभन्दा माछा मार्ने आईडिया दिँदा उनीहरु जीवन जिउने आधार हुन सक्ने देखिन्छ ।

- समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं ३ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ । प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्याक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने ।

  कृषि पाठशालाबाट हामीहरुले विभिन्न बाली तथा त्यसमा लाग्न सक्ने सम्भावित रोगहरुको बारेमा र ती रोगहरुबाट बच्ने उपायहरुको बारेमा जानकारी प्राप्त गऱ्यो । यसले गर्दा आगामी दिनहरुमा हामीले कृषि खेती गर्दा यी यावत कुराहरुलाई ध्यान दिइर तरकारी खेती गर्नेछौं भनी विभिन्न महिला कृषक समुहका सदस्यहरुले बताएका थिए ।

- घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने तथा घट्ना अध्ययनहरुको सहमति वा Consent अनिवार्य रुपमा संलग्न गर्ने)

## व्यवसायमा संलग्न भएर जिविकोपार्जनमा सहज

मेरो नाम उज्याली थारु हो । म बढैयाताल गाउँपालिका वडा न. ७ प्रगतिनगरमा वस्छु । म गाउँमा प्रौढ कक्षा पढेर आफ्नो नाम लेख्न सक्ने साक्षर मात्र रहेको छु । सानै उमेरमा विबाह बन्धनमा बांधिए । अहिले तीन सन्तानकी आमा बनेकी छु । १ छोरा, २ छोरी श्रीमान र म गरी ५ जनाको परिवार छ । अहिले म ४० वर्षकी भएं । श्रीमान सामान्य साक्षर हुनुहुन्छ मजदुरीको काम गर्नुहुन्छ । छोरा ६ वर्षको छ कक्षा १ मा पढ्छ । छोरी जुनिता थारु र यूवन थारु अहिले कक्षा १२ पास भएका छन् । हामी मुक्तकमैया भएकोले नेपाल सरकारले दिएको ५ कट्ठा जमिन नेपाल सरकारले दिएको छ । र बटैया १ विघा, २ कट्ठा जमिन किनेका छौ ।



कमैया महिला जागरण समाज नेपालद्वारा हाम्रो प्रगतिनगर बस्तीमा महिलाहरुलाई संगठित गराई महिला कृषक समुह गठन गरेको छ । हाम्रो वस्तिमा कमैया महिला अतिविपन्न परिवारलाई जिविकोपार्जनको लागि व्यावसायिक रुपमा पशुपालन अर्न्तगत भैंसीपालनको लागि मिलन महिला कृषक समुहले माग गरेबमोजिम हाम्रो टोलमा गाउँ भरीको मानिस भेलाभई छनोट गरे बमोजिम म पनि भैंसीपालनको लागी छनोटमा परे र म

धेरै नै खुशी भए । कमैया महिला जागरण समाज नेपालद्धारा भैंसीपालन सहयोगसंगै गाउँपालिकाको सहयोगमा गोठ सुधार सहयोग पाए । मेरो भैसीपालन गर्ने चाहाना संस्थाले पुरा गरिदियो । अहिले ४ वर्ष हुनलाग्यो भैंसी पालेको । दुई पटक बच्चा पाईसकेको छ । पहिलो पटकमा मैले करिब १२ महिनासम्म भैंसीको दुध नजिकैको तिल्काहाना बजारमा रहेको दुध डेरीमा बेचे । पशुपालनले कहिले पनि घाटा हुदैन जहिले नि नाफा हुन्छ । डेरीमा दुधको फ्याटअनुसार प्रतिलिटरको मुल्य हुन्छ सोहीमुल्यअनुसार ३ महिनासम्म दैनिक १२ लिटर ९० फ्याटको भयो । यसरी करिब मैले रु.७५,३००।–बराबरको बेचे । अहिले दोस्रोपटक भैसी ब्याएको छ साँझ विहान दुधडेरीमा बेच्न जान्छु । ६ महीनामा रु.७०४२५ ।– बराबरको दुध बेचे सोही आम्दानीबाट घरको जग हालेकी छु । दोस्रोपटक बेचेपछि ऋण तिरेकी छु । घरखर्च, समुहमा किस्ता तिर्न सहज भइरहेको छ । भैंसीपालनले प्राङगारिक मल खेतबारीमा प्रयोग गरेपछि तरकारी धान बाली उब्जनी राम्रो भएको छ । भैसीको गोबर मलले तरकारी खेती राम्रो हुन्छ २ कठ्ठा जमिनमा तरकारी खेती गरेर रु.६०००। सम्मको तरकारी बेचिसके । अहिले नेपालगन्जसम्म तरकारी बेच्न जान्छु ।



पहिले म मजदुरीको लागी दिनकै जानुपर्थ्यो ज्याला पनि काम गरेअनुसार मिल्दैनथ्यो कहिलेकाही मजदुरीको काम गरेर राती घर पुग्थे छोरीहरुको अध्यनमा समस्या पर्दथ्यो तरकारी पनि बेच्न जान्थे भने अनुसार तरकारी उत्पादन हुदैनथ्यो पैसाको लागि श्रीमानको भर पर्नुपर्थ्यो मजदुरी गरेर मात्र खान बच्चाहरुको लागि विद्यालय पोशाक कपी किताब किन्न समस्या थियो । घरखर्च चलाउन समस्या थियो । तर अहिले घरखर्च आफै चलाउन सक्ने भएको छु । मलाई यति धेरै साथ सहयोग दिने कमैया महिला जागरण समाज नेपाल प्रति धेरै खुशी छु ।

## बाखापालनबाट आम्दानी गर्दै छब्बी



मेरो नाम छब्बी थारु हो । म लालीगुराँस कृषक समुहको सदस्य हुँ । मेरो पेसा कृषि खेती र बाखा पालन हो । मेरो घरमा म मेरो श्रीमान, छोरा, बुहारी र मेरो नाती गरी ५ जनाको सानो परिवार छ । म बाखापालन गर्न पहिलेदेखि ईच्छुक थिए र १ वटा बाखा पालेको थिए । तर पालेको बाखा विरामी भएर मरेपछि फेरी पनि पाल्ने सोच बनाएको थिए । किनभने बाखापालनको लागि चरन र डाले घाँसको लागि नजिकै सामुदायिक वन रहेको छ तर म एक विपन्न मुक्तकमैयम परिवारको सदस्य भएकोले बाखा पाल्ने रहर भए पनि किन्न सकिरहेको थिएन ।

त्यसै क्रममा कमैया महिला जागरण समाज नेपालबाट समुहका सदस्यहरुलाई सदस्यले गर्न चाहेको व्यवसाय गर्न सहयोग गर्ने कार्यक्रम ल्यायो र मैले पनि बाख पालन गर्ने सोच बनाएको बरेमा समुहमा आफ्नो कुरा राखे र बाखापालनका लागि म पनि छनौटमा परे र यसरी छनौटमा परेपछि कमैया महिला जागरण समाज नेपालबाट ४ वटा बाखा सहयोग पाए त्यही पाएको बाखापालन गरेर आजसम्म १ वटा बाखा बहिनीलाई दिए ३ वटा खसी १ वटा बाखा रु ४९००० को बिकी गरिसकेको छु र अहिले मसँग लमसम ५०००० जतिको ४ वटा खसी बेच्नको लागि तयारी अवस्थामा छन भने ३ वटा बाखा र ३ वटा पाठापाठी गरी जम्मा १० वटा छन् । घर नजिकै जंगल भएकोले बाखापालनको हिसाबले राम्रो त छ तर नजिकै भएकोले बाघबाट सुरक्षित राख्न उत्तिकै गाह्रो हुन्छ किनभने मेरो २ वटा बाखा खोरबाटै बाघले लग्यो । त्यसपछि राम्रो खोर बनाउनुपर्ने आवश्यता

महसुस भयो र त्यही क्रममा लिबर्ड भन्ने संस्थाले मैले बाख्रापालन गरेको राम्रो देखेर खोर बनाउनमा अलिकति आर्थिक सहयोग गरेपछि अहिले मेरो आफ्नो लगानी लगाएर राम्रो बलियो र सुरक्षित खोर बनाएको छु । यसरी बाख्रापालन व्यवसाय राम्रो हुने भएकोले अब मैले उन्नत जातका बाख्रा ल्याउने योजनामा छु । मलाई यसरी बाख्रापालन गर्न प्रोत्साहन र सहयोग गरेकोमा कमैया महिला जागरण समाज नेपाललाई धेरै धेरै धन्यबाद दिन चाहन्छु ।



- प्राथमिकता नं ३ को बजेट विवरण

| स्विकृत बजेट | कुलखर्च | खर्च प्रतिशत |
|---|---|---|
| 2,120,673 | 2,115,428 | 99.75% |

## प्राथमिकता नं ४: विपद उत्थानशीलताको विकास ।

- परिवेश विश्लेषण गर्ने (हाम्रो उद्देश्य र कामसंग सम्बन्धित )

  समुदाय र विद्यालयको विपद् व्यवस्थापन समिति गठन भई क्रियाशिल रहेको रहेको छ । विपदको समयमा विभिन्न आईपर्ने समस्यको प्रतिकार्यको रुपमा आकस्मिक कोषहरु सञ्चालनमा रहेको छ । विपद प्रभावित क्षेत्रमा विपद् पूर्व तयारी छलफल र नमूना अभ्यासमा यूवाको सक्रिय सहभाागिता रहेको देखिन्छ । त्यस्तैगरी विद्यालयमा बाढी र आगलागी सम्बन्धि नमूना अभ्यास र सचेतनाका कार्यक्रमहरु पनि भईरहेका छन् ।

- प्राथमिकता ४ अन्तर्गत कार्यान्वयनको प्रमुख क्षेत्रहरु

- हाम्रो कार्यक्रमको सहयोगले समूदाय तथा महिलाको मानविय प्रतिकार्यसम्बन्धि क्षमता तथा नेतृत्व विकाशमा के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ? (विपत जोखिम न्यूनीकरण, राहत तथा उद्धार )

### मानवीय सहयोग तथा प्रतिकार्यका लागि क्षमता तथा नेतृत्व विकास

मानवीय सहयोग तथा प्रतिकार्यका लागि क्षमता तथा नेतृत्व विकासमा देखिएका प्रभावहरुमा खोज तथा उद्दार सामाग्री, विभिन्न नालामा जैविक तटबन्धनको निर्माण, पुर्व सुचना प्रणाली तालिम, बाढी नमुना अभ्यास गरेको, आगलागी सम्बन्धी समुदायमा सचेतीकरण र नमुना अभ्यास गरेको अवस्था छ । त्यसैगरी विपदको क्षतिलाई न्युनीकरण गर्नको लागि समुदायले योजना बनाउने, जिम्मेवारी बाँडफाँड गर्ने, विभिन्न संघसंस्था र स्थानीय सरकारसँग समन्वय गर्ने आदि रहेको छ भने विपदको जोखिम अल्पीकरणको लागि स्थानीय स्रोतसाधनको सदुपयोग गरी प्रतिकार्यको लागि योग्य जनशक्ति निर्माण गरी तयारी अवस्थामा रहने गरिएको छ ।

**विपद जोखिम न्युनीकरणको लागि अल्पीकरणका कार्यहरु, योजना निर्माण र कार्यान्वयनमा समस्या**

**युवाको अगुवाईमा नमुना अभ्यास**



समुदायको सक्रियता युवा नेतृत्व विपद पुर्वतयारी तथा प्रतिकार्यका लागि प्रकोप, बाढी तथा आगलागी सम्बन्धी कृतिम घटना अभ्यास सम्पन्न भएको थियो । बाढी सम्बन्धी नमुना अभ्यासमा संख्या७५ जना टेडियागाउँ सहभागीहरु रहेका थिए भने आगलागी सम्बन्धी घरदैलौ कार्यक्रममा ३५ जनाको सहभागिता रहेको थियो । पुर्व तयारी स्वरुप नमुना अभ्यास गऱ्यो भने भविष्यमा हुन सक्ने क्षतिलाई कम गर्न सकिन्छ कि भन्ने उद्धेश्यले युवाहरुको अगुवाईमा नमुना अभ्यास गरिएको हो ।

**युवाको नेतृत्वमा समुदाय र विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी योजना कार्यान्वयनको अनुगमन**

युवाको नेतृत्वमा समुदाय र विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी योजना कार्यान्वयनको अनुगमनका लागि समुदायमा LDCRP सम्बन्धी अभिमुखीकरण तथा युवाहरुसँग छलफल कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम पश्चात युवाहरुको अगुवाईमा गेरुवा र राजापुरमा ५ वटा विद्यालय र ५ वटा समुदायमा विपद् व्यवस्थापन सम्बन्धी योजना कार्यान्वयनको अनुगमन गरी कार्ययोजना अपडेट गरेका छन् ।



टेडियाको विपद व्यवस्थापन समिति नयाँ गठन भएको हुनाले समुदायको संकटासन्नता विश्लेषण पनि गरेका छन् । जेष्ठ २२ गते वातावरण दिवसको अवसरमा बाढिपूर्व तयारी घटना अभ्यास गरेका छन् । भने आपतकालिन कोषको लागी संघर्षनगरले प्रत्येक वर्षको माघ महिनामा गाउँको प्रत्यक घरधुरीबाट ५० रुपैयाको दरले आपतकालिन कोष जम्मा गरीरहेको छ भने टेडियाले पनि आपतकालिन कोषको लागी समुदायमा छलफल गर्ने र स्थानिय निकाय संग पनिसहयोगको लागी पहल गर्ने भनेर छलफल गरेका छन् । २ वटै समुदाय जंगलको किनारमा रहेकोले तारबारको लागी स्थानिय निकाय सम्म पुगेर सहयोगको अपिल समेट गरेका छन् । योजना बाहेक टेडियाको २ पटक सरसफाई अभियान, बाढि रोकथामको लागी ड्याममा बाँस,सगुन,सिसौ,छटिउन गरी ५ सय वडा रुखको विरुवा रोपेका छन् । स्थानिय स्रोतको प्रयोग गरी जैविक टट्बन्धन पनि गरेका छन् । बाढि आएको बेला होचो स्थानमा बढि डुबान हुने भएकोले शुद्ध खानेपानि पिउनको लागी वडा कार्यालयबाट २ वटा उच्च धारा पनि माग गरेका छन् । मौसम अनुसार समुदायलाई प्रकोपबारे जानकारी तथा छलफल गराइरहेका छौ भनेर सिडियमसि अध्यक्ष मानबहादुर थारुले जानकारी दिनुभएको थिए । त्यसै गरी संघर्षनगरले योजना बाहेकको जंगली जनावरको आंतकले बढि नोक्सानी हुने भएकोले समुदायलाई एक्लै जंगल नजाने र जानै परेमा समुह बनाएर मात्र जाने छलफल गरका छन् भने जंगली जनावरको आंतकले घरपालुवा जनावरको क्षति भयो भने पहिले स्थानिय निकायलाई खबर गरी क्षतिपूर्तिको लागी स्थानिय निकायमापहल गर्ने भनेर समुदायलाई जानकारी गराएका छन् । बाटोमा सोलारको लागी पनि पहल गरेका छौ । मौसम अनुसारको प्रकोप बाट बच्ने उपायबारे आ आफ्नो टोलटोलमा गएर जानकारी गराउने गरेका छौ । वर्षाकोसमयमा रोगबाट बच्नको लागी गाउँ सरसफाइ पनि गरेका छौ । सिएसडिआर को सहयोगमा बाढि आउनुपूर्व कार्यदलहरुलाई  खोज तथा उद्धार र प्राथमिक उपचारको बारेमा अभ्यास गराएका थियो भनेर संघर्षनगर बडघर खुशीराम थारुले जानकारी दिनुभएको थियो ।

**युवाहरुको शसक्तिकरणका लागि स्टेपडाउन तालिम**



कार्यक्षेत्र रहेका ४ वटै पालिकाहरुबाट युवाहरु छनौट गरी युवाहरुको शसक्तिकरणका लागि स्टेपडाउन तालिम राजापुरमा सम्पन्न भएको छ । कुल जम्मा ३१ जना युवाहरुको सहभागिता रहेको उक्त तालिममा एक्सनएड नेपालबाट ToT तालिम लिई आएका युवाहरुले सहजीकरण गरेका थिए । तालिममा विशेष गरेर महिला तथा बालबालिकाविरुद्धको हिंसा, गुणस्तरीय तथा सार्वजनिक शिक्षा, जलवायु र प्राकुतिक विपदको बारेमा सहजीकरण गरिएको थियो । तालिम पश्चात सम्बन्धित पालिकाका युवाहरुले आआफ्नो पालिकामा महिला तथा बालबालिकाविरुद्धको हिंसा, गुणस्तरीय तथा सार्वजनिक शिक्षा, जलवायु र प्राकुतिक विपदको बारेमा कार्ययोजना निर्माण गरेका थिए ।

○ **भुकम्प, बाढी र आगलागी पीडितहरुलाई राहत सामाग्री सहयोग**

मधुवन नगरपालिका वडा नं. १ मा आगलागी पीडित (पुर्ण क्षति) ७ घरपरिवारलाई Basic Shelter Kit, Dignity Kit, Hygiene Kit, Household Kitchen Utensils सामाग्री हस्तान्तरण गरिएको छ भने ठाकुरबाबा नगरपालिकामा गत महिना गएको बाढीबाट प्रभावित घरपरिवारलाई ७० थान Dignity Kit र २८ थान Hygiene Kit सामाग्री हस्तान्तरण गरिएको थियो ।

त्यस्तैगरी जाजरकोट भुकम्प पीडितलाई मानवीय सहायता साझेदारी मञ्चमार्फत राहत सामाग्री नलगाड नगरपालिका वडा नं. १ कल्पत र पालीमा गरी २५० घरपरिवारलाई प्रतिघर परिवार १ थान Basic Shelter Kit १ थान Dignity Kit/ Hygiene Kit सामाग्री हस्तान्तरण गरिएको छ भने बझाङ जिल्लामा आएको भुकम्प पीडितहरुको लागि ११८ थान Household Kitchen Utensils, २ थान फिल्टर र २ थान Dignity Kit/ Hygiene Kit सामाग्री राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालसँग समन्वय गरी हस्तान्तरण गरिएको थियो ।

○ **बाढी र वन्यजन्तुबाट हुने क्षतिपुर्तिका लागि पालिका र सरोकारवालासँग संवाद कार्यक्रम**




बाढी तथा जंगली जनावरहरुबाट हुने क्षतिहरुको न्युनीकरणको लागि गर्न सकिने प्रयास र क्षति भईसकेपछि राहत वितरण प्रणालीमा कसरी एकरुपता र सहज तरिकाले वितरण गर्न सकिन्छ भन्ने विषयमा पालिका र सरोकारवालहरुसँग छलफल तथा अर्न्तक्रिया कार्यक्रम राजापुरमा सम्पन्न भएको छ । विषेशगरी राजापुर क्षेत्र विपदको जोखिम र जंगली जनावरहरुबाट समयसमयमा क्षति भईरहने भएकोले अहिलेसम्मको प्रयास र आगामी दिनमा कसरी जान सकिन्छ भन्ने विषयमा छलफल भएको थियो ।

राजापुर नगरपालिका प्रशासकिय अधिकृतले जंगली जनावरको क्षतिभएको वन कार्यालयसंग समन्वय गर्ने निकुञ्ज र डिभिजन कार्यालय स्थानिय निकायलाई सिफरिस दिन लगायो भने राहतमा सजिलो हुन्छ । कृषिको हकमा पुर्जा खोज्छ कतिपय जग्गा त्यत्तिकै उपभोग गर्दै आएका छन् तर त्यसको क्षति भयो भने त्यसको लागी के गर्ने प्रदेश सरकारले बीमा कार्यक्रम ल्याएको छ तर कतिपय कृषकहरुले बीमा गर्न चाहदैनन् कृषकहरुलाई बीमाको बारेमा जानकारी गराउन आवश्यक छ । बीमा प्राप्त गर्न तोकिएको मापदण्ड पुरा हुनुपर्छ त्यसैले कृषकहरु बीमा झन्झतिलो हुन्छ भनेर बीमा गर्न चाहदैनन् । कर्णाली नदिभन्दा धेरै क्षति बुढिकूलो, भदाली नालाबाट हुने गर्छ त्यसैले यसबाट हुने क्षतिको क्षतिपूर्ति दिने प्रावधान बनाइरहेका छौ । तथ्यांक विवरण लिदा

सही तथ्यांक आउदैन तंथ्यांक लिने व्यक्ति नै लापरवाही गर्छ । समुदायमा बाढी प्रभावितको तथ्यांक लिन जाँदा क्षति नभएको पनि लेखाउन आएको देखिन्छ जति बर्दिया जिल्लामा कृषि योग्य जमिन छैन त्यो भन्दा धेरै क्षति भएको दाता आयो त्यसैले २०७८ साल असोज ३१ देखि कार्तिक २ गते सम्मको अविरल बर्षाबाट भयको बालिनालीमा भयको क्षतिको क्षतिपुर्ति वितरण गर्न सकिएन भनी भन्नुभयो ।

त्यस्तैगरी उपनगर प्रमुख मनकला चौधरीज्युले कृषि बीमा संघीय र प्रदेश सरकारले योजनामा नै राखेको छ बीमापश्चात क्षति भैहाल्यो भने बीमा कम्पनीबाट मुचुल्का उठाउनुपर्छ र वडाबाट सिफारिस चाहिन्छ । कतिपय बीमा कम्पनीले सम्पर्क विहिन भैदिन्छ त्यस्तो हुन नदिन स्थानिय ठाउँमा बिमाको अफिस हुन जरुरी छ । जुन संस्थासंग बीमा गर्यो त्योसंग सम्झौता गर्न जरुरी छ । जंगली जनावरबाट भएको क्षतिपुर्तिमा वन डिभिजनको पनि त्यतिनै महत्वपूर्ण भुमिका हुन्छ । वन क्षेत्रले दिनुपर्छ सिफारिस गर्न जरुरी छ । बाढी आउनुभन्दा पहिले तथ्यांक लिदा पनि धेरै समस्या आउँछ डुबान नभएकोले पनि राहत पाउछन त्यसैले समुदायमा कलह मच्चिन्छ र स्थानिय निकायमा काम गर्न समस्या हुन्छ यस वर्ष समुदायको बडघरहरुलाई दाता लिन जिम्मा दिएका छौ नदिको तटिय क्षेत्रको घरको मात्र सत्यतथ्य तथ्यांक लिन आग्रह गरेका छौ । हामीले समुदायको विपदमा काम गर्ने अगुवा, बडघर,युवाहरुलाई यसको बारेमा छलफल गर्न एकदमै आवश्यक छ भन्ने कुरा राख्नुभयो ।

- जोखिमबाट सुरक्षित रहन तथा न्युनीकरणका लागि के कस्ता पहलहहरु गर्यौं, कसरी गर्यौं र त्यसबाट के उपलब्धिहरु हासिल भए ? (Small scale mitigation लाई यसमा समेट्ने) ।

राजापुर न. पा. ३ टेडियामा वडा कार्यालय र स्थानीय युवा सञ्जालसँग समन्वय गरी विपदको जोखिम न्युनीकरणको लागि कर्णाली नदीको ड्याममा ५०० वटा विरुवा वृक्षारोपण र जैविक तटबन्धन निर्माण गरी बाटो कटानी रोकथाम गरिएको छ । त्यस्तैगरी वडा नं. ५ मा रहेको मुख्य सडकको वरपर वडा कार्यालय, वन डिभिजन कार्यालय राजापुर र युवा बखेरीसँग समन्वय गरी वृक्षारोपण गरिएको छ ।



उक्त कार्यक्रममार्फत जलवायु न्यायका लागि एक कदम चालिएको तथा वृक्षारोपण गरी पृथ्वीको पारिस्थितिक पद्धतिलाई व्यवस्थित गर्न सहयोग गर्ने कुरामा विश्वस्त रहेको कुरा युवा बखेरीका सहभागीहरुले भनेका थिए ।

- **हामीले विपत प्रभावितलाई मानविय सहयोग तथा प्रतिकार्यका लागि के कस्ता क्रियाकलाप तथा पहलहहरु गर्‍यौं, कसरी गर्‍यौं र त्यसबाटके कस्ता उपलब्धिहरु हासिल भए ?**

समुदायमा LDCRP मा आधारित CDMC मा कार्य योजना निर्माण गरेका छौं । विपद जोखिम न्युनीकरणको लागि अल्पीकरणका कार्यहरु, योजना निर्माण र कार्यान्वयनमा गरिएको क्रियाकलापबाट देखिएको प्रभावहरुमा Advocacy plan अनुसार पहल गर्दा राजापुर नगरपालिकाले बजेट विनियोजन गरेको छ । खोज तथा उद्दार सामाग्री सहयोगबाट जैविक तटबन्धन तथा पुर्व सुचना प्रणाली तालिमको लागि बजेट विनियोजन गरेको छ । CDMC को आकस्मिक कोष वृद्धि गर्दै विपद प्रभावितलाई आगलागी प्रभावित ३ जनालाई सहयोग गरेको छ । क्षतिको प्रकृति हेरी १००० देखि ५००० सम्म सहयोग गरिएको छ । LDCRP को योजनाअनुसार गेरुवा- १ मा उच्च मचानको भवन र २५ वटा विद्यालयमा १/१ लाख बराबर सुरक्षित खानेपानी निर्माण, कुलामा सिँचाईका लागि पर्खाल निर्माण र खोनपुर गेरुवा-४ मा वन्यजन्तुबाट हुने क्षतिबाट बच्नको लागि तारबार सहयोगको निर्माण भएको छ भने राजीपुरमा तटबन्धनको कार्य भएको छ ।

बाढी आउँदा म्यासेज मार्फत सुचनाको अपडेट लिने र भारी वर्षा हुँदा समुदायले आफै चिसापानीको जलमापन केन्द्रमा फोन मार्फत सुचना लिने गरेको, पानी आउने बेला (भारी वर्षा) पहिले नै समुदायमा सुरक्षित आवासको खोजी तथा सुरक्षित स्थानमा सामाग्री ओसारपसार गर्ने गरेका छन् । युवाहरुको नेतृत्वमा सुत्केरी अशक्त, बालबालिका, वृद्धवृद्धा, आपाङ्गता भएका व्यक्तिलाई सुरक्षित स्थानमा लैजाने गरेको अवस्था छ ।

मधुवन नगरपालिका वडा नं. १ मा आगलागी पीडित (पुर्ण क्षति) ७ घरपरिवारलाई Basic Shelter Kit, Dignity Kit, Hygiene Kit, Household Kitchen Utensils सामाग्री हस्तान्तरण गरिएको छ भने ठाकुरबाबा नगरपालिकामा गत महिना गएको बाढीबाट प्रभावित घरपरिवारलाई ७० थान Dignity Kit र २८ थान Hygiene Kit सामाग्री हस्तान्तरण गरिएको थियो ।

त्यस्तैगरी जाजरकोट भुकम्प पीडितलाई मानवीय सहायता साझेदारी मञ्चमार्फत राहत सामाग्री नलगाड नगरपालिका वडा नं. १ कल्पत र पालीमा गरी २५० घरपरिवारलाई प्रतिघर परिवार १ थान Basic Shelter Kit १ थान Dignity Kit/ Hygiene Kit सामाग्री हस्तान्तरण गरिएको छ भने बझाङ जिल्लामा आएको भुकम्प पीडितहरुको लागि ११८ थान Household Kitchen Utensils, २ थान फिल्टर र २ थान Dignity Kit/ Hygiene Kit सामाग्री राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालसँग समन्वय गरी हस्तान्तरण गरिएको थियो ।

- जलवायु परिवर्तन तथा जलवायु न्याय सम्बन्धि के कस्ता पहलहरु गरिए तथा त्यसबाट कस्ता उपलब्धिहरु देखिए ?




राजापुर नगरपालिकामा जलवायु परिवर्तन तथा जलवायु न्यायका लागि युवा बखेरी, युवा सञ्जाल र पालिकासँग समन्वय गरी विश्व पृथ्वी दिवस, जलवायु परिवर्तन दिवश, वृक्षारोपण, चित्र प्रर्दशनी, अर्न्तक्रिया तथा छलफल र ऱ्यालीको आयोजना गर्नुको साथै राजापुर नगरपालिकाका नगरप्रमुखज्युलाई युवा बखेरी र युवा सञ्जालको समन्वयमा जलवायु परिवर्तन तथा जलवायु न्यायसम्बन्धी ज्ञापनपत्र बुझाईएको छ । जलवायु न्यायसम्बन्धी विभिन्न कार्यक्रम गर्दा स्थानीय सरकार, ईलाका प्रहरी कार्यालय, वन डिभिजन कार्यालय, युवा बखेरी, युवा सञ्जाल, स्थानीय र पत्रकारहरु लगायत विभिन्न संघसंस्थाहरुसँग समन्वय गरी गर्ने गरिएको छ ।

**स्थानीय स्तरमा जवाफदेहिता, पारदर्शिता प्रवर्धनमा पारेको प्रभाव**

समुदाय स्तरीय विपद व्यवस्थापन समितिमा समुदायमा LDCRP मा आधरित रहेर युवाहरुको नेतृत्वमा गेरुवा र राजापुरमा ५ वटा विद्यालय र ५ वटा समुदायमा विपद् व्यवस्थापन सम्बन्धी योजना योजनानिर्माणमा सहयोग गरेका छन् र आकस्मिक कोष संकलन गरेका छन् । विपद जोखिमन्युनीकरणको लागिअल्पीकरणकाकार्यहरु, योजनानिर्माण र कार्यान्वयनमा हाम्रो भुमिकाहरुमा युवाहरु मार्फत CDMC को मासिक बैठकमा समुदायमा रहेको खोज उद्दार सामाग्री तयारी अवस्थामा राख्ने, जाँच गर्ने तथा समुदायमा पुर्वसुचना प्रणालीको सुचना पुऱ्याउनका लागि छलफल भएको छ ।

- हामीले सुरक्षित स्कूल प्रवर्धनका लागि के कस्ता क्रियाकलाप तथा पहलहहरु गऱ्यौं, कसरी गऱ्यौं र त्यसबाट के कस्ता उपलब्धिहरु हासिल भए ?

विपद सामाग्री सहयोग पश्चातपुर्व बाढी सुचना प्रणाली सम्बन्धी नमुना अभ्यास गर्ने गरेको, समुदायका मानिसहरुलाई सुचना दिन सहज र खोज तथाउद्दार सामाग्री तथा तालिममा वृद्धि भएको छ । वकालत पैरवीयोजनाको सुरक्षापश्चात राजापुर नगरपालिकाको तपसिलको विपद बजेट शीर्षकमा वृद्धि गरेको छ भने जैविक तटबन्धन

निर्माणका लागि ५ लाख सहयोग र LEOC मा सामाग्री हस्तान्तर सहयोग पश्चात LEOC कार्यसञ्चालन र विपद सम्बन्धी सुचनाप्रवाह गर्न सहज भएको छन् ।

हामीले सुरक्षित स्कूल प्रवर्धनका लागि २ वटा विद्यालयमा झ्याल मर्मत, संघर्षनगरको विद्यालयको खेलमैदान पटानीको लागि योजना निर्माण, १ वटा विद्यालयमा माटो पटानी सहयोग पश्चात विद्यालयमा बालबालिकाहरु सुरक्षित शिक्षण सिकाई गरेको । विद्यालयमा सुरक्षित योजना निर्माण गरी विद्यालयको माग र योजनानुसार झ्यालढोका सहयोग (२ वटा विद्यालयमा) जसको कारण विद्यार्थीहरु हावाहुरी, असिनापानी र तुषारोबाट सुरक्षित भई शिक्षण सिकाइ प्रक्रियामा सहज भएको र राजापुर-२, नयाँगाउमा भवनघर सहयोग पश्चात समुदायका मानिसहरु र समुहका सदस्यहरुलाई बैठक बस्न र छलफल गर्न सहज हुनुको साथै वडा कार्यालयले पनि सोही ठाउँमा शौचालय निर्माण र उच्च धारा वडा कार्यालयको बजेटबाट निर्माण भई ५५ घरधुरीहरुले प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । राजापुर र गेरुवामा ५ वटा समुदाय र ५ वटा विद्यालयमा LDCRP निर्माण गरी योजना अनुसार काम भईरहेको छ । कार्य क्षेत्रमा रहेको ८ वटा CDMC पालिकामा सूचीकृत भएको छ ।

○ माथिउल्लेखित क्षेत्र बाहेक विगत ६ महिनामा हाम्रो पहलहरु के कस्ता रहे?

५ वटा समुदायमा रहेका CDMC मा कार्ययोजना निर्माण (महिला, बालबालिका, गर्भवती, सुत्केरी, जेष्ठनागरिक) हरुलाई प्राथमिकीकरण गरी योजनानिर्माण र वातावरण दिवशका दिनमा ६ वटा CDMC ले बाढीपुर्व सुचना प्रणाली सम्बन्धी नमुना अभ्यास गर्ने योजनानिर्माण गरेको छ । १ वटा CDMC मा आकस्मिक कोष सञ्चालनको लागिप्रत्येक घरधुरीबाट रकम संकलन गरेको छ त्यस्तै गरी कार्यक्षेत्रमा रहेको ८ वटा CDMC सुचीकृत भएका छन् ।

मानवीय सहयोग तथा प्रतिकार्यका लागि क्षमता तथा नेतृत्व विकासमा देखिएका परिवर्तनहरुमा विपद प्रतिकार्यमा युवाहरुको नेतृत्व रहेको, CDMC ले कार्ययोजना बनाई पालिकामा मानव तथा वन्यजन्तुबीच द्वन्द्ध न्युनीकरणका लागि योजना र उच्च मचान निर्माणका योजना पेश गरेको अवस्था छ ।

- प्राथमिकता नं ४ अन्तर्गत २०२३ मा गरिएका भौतिक निर्माण सम्बन्धि पहलहरु

| **क्रियाकलाप** | **स्थान** | **लाभान्वित संख्या** | **आर्थिक सहयोग** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |
| | | | | | | | |
| | | | | | | | |

- प्राथमिकता नं ४ अन्तर्गतका कार्यक्रमहरु संचालन गर्दा के कस्ता चुनौतीहरुको सामना गर्नुपर्‍यो ?

विपद आउँदा सतर्कताको लागि साईरन उपलब्ध गराएकोमा स्थानीयहरुले साईरन संचालनबाट हुने विद्युत खपत वापतको रकम समुदायले तिर्न नमानेकोले साईरन सञ्चालन हुन सकेको छैन । पालिकाले विपद प्रतिकार्यमा काम गर्ने दक्ष जनशक्तिको पहिचान नगरेको र तथ्याङ्क संकलनमा वास्तविक विवरण ल्याउनमा समस्या भएको देखिन्छ ।

समुदायमा रहेको CDMC ले योजना निर्माण गरेअनुसार कार्यन्वयन नगर्नु र समितिमा रहेको सामाग्री व्यवस्थापनमा ध्यान केन्द्रित नहुने गरेका छन् । त्यस्तैगरी यूवाहरुलाई विपद् व्यवस्थापन सम्बन्धि तालिममा क्षमता अभिवृद्धि गरेपनि यूवाहरु रोजगारीको सिलसिलामा बाहिरिने हुनाले यूवाहरुलाई परिचालन गर्न कठिनाई हुने गरेको अवस्था छ ।

- यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र कसरी ?

कुनै पनि राम्रो कामको थालनी आफैंबाट गऱ्यो भने ती कामको निरन्तरताको लागि साथ एवं सहयोगहरु जुटिरहने हुन्छ । विभिन्न समयमा आउनसक्ने जोखिमहरुहरुको क्षति न्युनीकरण लागि विभिन्न प्रतिकार्यको पुर्वतयारी र विपद पश्चातको कार्ययोजना निर्माण गरिरह्यो भने क्षति कम गर्न सकिन्छ ।

- समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं ४ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ । प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्यक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने ।

  "समुदायमा संकटासन्न विश्लेषण गरी योजना बनाएर योजना अनुसारको काम गर्दा र विपद प्रतिकार्यका लागि कार्यदल जस्तैः खोज तथा उद्धार समिति, प्राथमिक उपचार, स्वयंसेवक, पुर्वसुचना समिति) आदि निर्माण गरी काम गर्दा विपदको क्षनि न्युनीकरण गर्न सकिन्छ" सम्झना थारु, उपाध्यक्ष CDMC, राजापुर नगरपालिका वडा नं. ३ टेडिया ।

- घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने तथा घट्ना अध्ययनहरुको सहमति वा Consent अनिवार्य रुपमा संलग्न गर्ने)

| |
|---|
| मेरो नाम सम्झना थारु हो । म राजापुर नगरपालिका वडा नं. ३ टेडियामा बस्छु । मेरा परिवारमा १ छोरा र श्रीमान श्रीमति गरी ३ जनाको परिवार छ । छोराको उमेर १५ वर्ष भएको छ । श्रीमान पहिले पल्लेदार (बोरा बोक्ने) काम गर्नुहुन्थ्यो । अहिले राजापुरमा टेक्टर चलाउने काम गर्नुहुन्छ । हाम्रो जग्गा ७ कठ्ठा छ । घर सामुदायिक वन र कर्णाली नदीको छेउमा भएकोले वर्षेनी जंगली जनावरको आतंक र बाढीको प्रकोपले सताईरहेको हुन्छ । हाम्रो गाउँ ठुलो भएकोले २ टोल विभाजन भएको छ । त्यसैले सामाजिक कामदेखि सबै काम छुट्टाछुट्टै हुन्छ । गाउँमा विपद व्यवस्थापन समिति पहिले देखि थियो तर जहाँ बाढीको प्रकोप छैन त्यहाँको मात्रै सहभागिता रहेको थियो । प्रकोप प्रभावित क्षेत्रमा केही जानकारी हुदैनथियो । युवाहरुको सहयोगमा २०७८ सालमा हाम्रो टोलमा विपद व्यवस्थापन समिति गठन गयो । उक्त समितिको म उपाध्यक्ष हो । समिति गठन गरिसकेपछि हामीले नगरपालिकामा गएर हाम्रो समिति पनि विपद जोखिम न्यनीकरणमा सुचीकृत हुनुपर्छ भनेर ज्ञापनपत्र पेश गयो तर टेडिया गाउँमा २ वटा CDMC छ भनेर मान्नुभएन । पछि सबै काम छुट्टाछुट्टै हुन्छ भने किन CDMC सुचीकृत गर्नुहँदैन भनी पहल गर्दा वडामा पनि पहल गर्दा २०८० मा हाम्रो CDMC पनि सुचीकृत भयो र विपद सम्बन्धी कुनै पनि कार्यक्रम गर्दा हामीलाई पनि बोलाईन्छ । हाम्रो समितिले विपदसम्बन्धी धेरै कामहरु गरेका छौं । बाटो कटान रोक्न जैविक तटबन्धन गराएका छौं । ड्याममा ५०० विभिन्न विरुवाहरु रोपेका छौं । रोगबाट बच्न सरसफाईका अभियान चलाएका छौं । बाढीपुर्व नमुना अभ्यास गरेका छौं । समुदायमा संकटासन्न विश्लेषण गरी योजना बनाएर योजना अनुसारको काम गरिरहेका छौं । विपद प्रतिकार्यका लागि कार्यदल (खोज तथा उद्धार समिति, प्राथमिक उपचार, स्वयंसेवक, पुर्वसुचना समिति) पनि निर्माण गरेका छौं । कमैया महिला जागरण समाज नेपालले बाढीबाट जोगिने सामाग्री (लाईफ ज्याकेट, डोरी, बुट, टर्च, हात्तेमाईक, साईरन, पञ्जा, स्टेचर, टोपी आदि) सहयोग गरेको छ र विपद व्यवस्थापन समितिको योजना निर्माणमा पनि सहयोग गरेको छ । |
| नमस्ते मेरो नाम दशनी थारु हो । म ६५ बर्षकी भए । छोरा बुहारी १ नाति १ नातिनासंग गेरुवा गा.पा. ५ बन्जरियामा बस्छु । उमेरले डाडा काति सक्यो घरको सानो तिनो काम गर्दै दिन वित्ने गर्छ । बाखालाई घासँ, कुखुरालाई चारा हाल्दै यस्तै यस्तै कामको दिनचर्या हो मेरो ।<br>बढेसकाल लागेपछि शरिरले कमजोर हुदै न घाम न जाडो अलि बढि सहन गाह्रो हुने रहेछ । पहिला जग्गा जमिन केही थिएन, साहुको घरमा नानाभाति गालि खादै न घाम न जाडो, विहानबेलुका साझँ केही नभनी काम गरिन्थ्यो केलाई घाम भन्ने केलाई जाडो पेट पाल्नलाई केही नभनी साहुको गाली खान नपरोस भनि काम गरिन्थ्यो यहि सानो पेटका लागि ५ छोरा २ छोरी आफुसंगै साहुको घरमा बुक्रही र गाईबाखा चराउनलाई लगिन्थ्यो । बालबच्चालाई पढाउन सकिन । मुक्त कमैया घोषणा सरकारले गरेपछि अलिकति भएपनि राहत मिल्यो, साहुको कचकच र कुताई खानु पर्दैन भनेर तर आफुसंग जग्गाजमिन नहुदाँ के खाने के उब्जाउने कसरी बच्चालाई पाल्ने सोचले पिरोलियो हामी बुढाबुढीलाईपछि नदीको किनारमा उब्जाउको लागि जमिन बनाई मकै |

छरि मकै खाएर जसोतसो गुजारा हुन्थ्यो । विस्तारै साहुसंग कुरा गरि साहुसगैं धान सापट मागी बटैया खेती गर्न थाल्यो । पारिवारिक अवस्था कमजोरका कारण सानै उमेरमा छोरीहरुको विवाह गराई दियो । २ छोरा इंडिया कमाउन गए । श्रीमान पनि टि.भि लागेर मृत्यु भयो । जसोतसो दिन बित्दै गए । छोराहरुले अलि कमाएको पैसाले ९ कठ्ठा जमिन बटैया लियो, बतैया पैसा तिर्न नसकेर पछि त्यही जग्गा हाम्रो नाममा भयो । सबै छोराहरुको विवाह भयो । घर छुटि्टए सबै भाई अलग अलग भए ।

दिन वित्दै गए । उमेर धल्किदै गयो । महामारी फैलियो कोरोना नाम गरेको । सबै खाद्यान्नको भाउ बढे, छोरा पनि कमाउनलाई बहिर जान पाएन, बढी मुल्य भएता पनि नुन तेल दाल, चिनी, गेडागुडी किनेर खानैपर्ने बाध्यता थियो । जाडो मौसम वर्षैपिच्छे झनझन बढेर जाने भएकोले म बुढी मान्छे सहन गाह्रो, कोरोनाका कारण पैसा नि नाई लत्ता कपडा किन्न गाह्रो पर्ने छोरा बुहारीलाई, त्यही समयमा कमैया महिला जागरण समाज नेपालले वृद्धावृद्धालाई जाडो लगाउने न्यानो कपडा पौष्टिक खानेकुरा वितरण गर्ने छ भनी एउटी नातिनी मेरो घर परिवार र मेरो बारेमा लेखेर लागिन, खुशी भए म यो परिस्थितिमा सहयोग पाउने छौ भनि र केहिदिनमा कमैया महिला जागरण समाज नेपालले ज्याकेट, पिफर्म, मोजाहरु, सलहरु, हुदि, टोपी, फाइबर थिए भने तेल, नुन, चामल, गेडागेडी, चिनी, घ्यू, खाद्यान्नमा पाएको थिए, यी सबै कुरा मैले आफै रोजेकिथिये नानी मेरो बारेमा सोध्दै के के चाहिन्छ आमा भन्दा खेरी चिसोपनामा न्यानो कपडा र खाद्यान्न पाउँदा, म धेरै खुशी भए, हामी बुढाबुढीलाई सहयोग गर्ने पनि कोही छ भनेर, २ जाडो सिजन कटाईसके ति न्यानो कपडा सल यो जाडो सिजनलाई नि हुनि भयो, सल ओधेकिछे अभै न्यानोपनका लागि, म र मेरो परिवार एकदमै खुशि छौ । सहयोग प्रति सदैब धन्यवाद दिन चाहन्छु, सदैब अभारी रहने छ म र मेरो परिवार ।

- प्राथमिकता नं ४ को बजेट विवरण

| स्विकृत बजेट | कुलखर्च | खर्च प्रतिशत |
|---|---|---|
| 955,580 | 833,136 | 87.19% |

५.स्थानीय निकायहरुसंगको समन्वय तथा सहकार्यमा हामी के कस्ता नीतिगत कार्यहरुमा संलग्न भयौं र त्यसका उपलब्धीहरु के भए?

- स्थानीय अधिकार कार्यक्रम अर्न्तगत महिला शाखा र जनप्रतिनिधिहरुसँग लैंगिकमैत्री नीति सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम गेरुवा र बढैयाताल गाउँपालिकामा आयोजना गरेकोमा बढैयातालका जनप्रतिनिधिहरु लैंगिक मैत्रीनीतिबारे जानकार भएका र गेरुवा गाउँपालिकामा अहिलेसम्म लैंगिक नीति बनिनसकेको अवस्थामा नीतिको अभावमा विभिन्न योजना बनाउन गाह्रो भएको महसुस गरी अब हामी पालिकाबाट लैंगिकमैत्री नीति बनाउने प्रतिबद्धता जाहेर गरेको र त्यो काम अगाडि भएको अवस्था छ ।
- कृषि क्षेत्रको उत्पादनलाई वृद्धि गर्ने उद्धेश्यले गेरुवा गाउँपालिकामा दिगो कृषि रणनैतिक योजना निर्माणको लागि कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । अहिले उक्त योजनाको ड्राफ्टको काम भई complete भईसकेपछि कार्यपालिकाबाट पास गरिएको छ ।
- स्थानीय निकायसँगको सहकार्यमा विभिन्न दिवशहरु मनाउने, बालविवाह मुक्त क्षेत्र घोषणा, लैगिंकमैत्री नीतिमा भएको व्यवस्थाबारे अभिमुखीकरण आदि गरियो ।

६.सामाजिक परिचालन तथा वकालत र पैरवीबाट आएका प्रमुख उपलब्धीहरु के थिए? (प्रत्येक प्राथमिकता अन्तर्गत तपाइलाई महत्वपूर्ण लागेको एउटामात्र उपलब्धि उल्लेख गर्ने)

- महिला श्रमिकहरुको लामो समय देखि रोकिराखेको ज्यालाबापत रकम पाएका छन् । त्यस्तै गरी स्वरोजगार कार्यक्रमका लागि फर्महरु भरेको अवस्था छ ।

- लगातारको वकालत, पैरवीबाट पालिकाले मुक्तकमैया, विपन्न, सीमान्तकृत दलित र पिछाडिएको क्षेत्रका विद्यार्थीहरुले छात्रवृत्ति पाएका छन् ।
- जीविकोपार्जन अर्न्तगत कृषकहरुको हकअधिकारको बारेमा पैरवीगर्दा स्थानीयतहहरुबाट कृषि सामाग्री, बीउ अनुदानप्राप्त, कृषि सम्बन्धी तालिमप्राप्त गरेका छन् ।
- स्थानीय युवाहरु परिचालन हुँदा समुदाय स्तरको CDMC राजापुर नगरपालिकामा सुचीकृत भएको अवस्था छ ।
- श्रमिकहरुको अवस्था र सवाल विषयक अर्न्तक्रिया कार्यक्रममा छलफल गर्दा राजापुर नगरपालिका वडा नं. ३ का ९ जना ठेकेदारहरु/ रोजगारदाताहरु श्रमिकहरुको हाजिरीकार्ड र जिल्ला दररेट अनुसार ज्याला उपलब्ध गराउने भनी लिखित प्रतिबद्धता व्यक्त गरेका छन् ।
- राजापुर नगरपालिका वडा नं. २ मा रहेको नवज्योति आधारभुत विद्यालयमा नागरिक शिक्षा प्रतिवेदनमा आएको सुझावहरुमाथि छलफल गर्दा शिक्षकहरुले आफैंलाई नियमन गर्न कार्य सराहनीय छ ।

७.भौतिक संरचना निर्माण तथा भौतिक सहयोगका कारण आएका प्रमुख उपलब्धीहरु के थिए? (प्रत्येक प्राथमिकता अन्तर्गत तपाइलाई महत्वपूर्ण लागेको एउटामात्र उपलब्धि उल्लेख गर्ने)

- कार्यक्षेत्रमा रहेका विभिन्न विद्यालयहरुको मर्मत सम्भार गरिएको अवस्था छ भने जसले गर्दा विद्यार्थीहरुलाई सफा, शान्ततथा सुरक्षित वातावरणमा पठनपाठन गर्न गराउन सहयोग पुगेको छ ।

८.संस्थागत विकाश सम्बन्धी कार्यक्रमहरु (उदाहरणका लाागिः सामाजिक लेखाजोखा, साधारण सभा, अनुगमन मूल्यांकन, लेखा परिक्षण, तालिम आदि)

संस्थागत विकासतर्फ सामाजिक लेखाजोखा, साधारण सभा, अनुगमन मुल्याङ्कन तथा लेखा परिक्षण सम्पन्न भएको छ ।

**सामाजिक लेखाजोखा**

संस्थाले गरेको विभिन्न कार्यक्रमहरुको असल शासनको एउटा Tools को रुपमा रहेको सामाजिक लेखाजोखा सम्पन्न भएको छ । उक्त कार्यक्रमको उद्धेश्य संस्थाले वार्षिक रुपमा सम्पन्न गरेको विभिन्न कृयाकलापहरुको सम्बन्धित सरोकारवालाहरुसँग के कति उपलब्धि रह्यौं भन्ने रहेको थियो । संस्थाले वर्षभरी गरेको कृयाकलापहरुको एक जना निष्पक्ष कन्सल्टेन्टसँग फिल्डमा गई गरेको कामको अनुगमन गरी कार्यक्रममा प्रस्तुतीकरण गरी सम्पन्न भएको छ ।






**साधारण सभा**

संस्थाको साधारण सभा संस्थाको स्थापना दिवश २०८० साउन ११ गतेसँगै सम्पन्न भएको छ । २०२३ मा निर्माण गरिएका केही नीतिहरु, केही नीतिहरुको समयसापेक्ष महत्वपुर्ण बुदाँहरुको संशोधन र केही महत्वपुर्ण निर्णय गर्दै सम्पन्न भएको छ । उक्त कार्यक्रममा ५ वटै जिल्लाका प्रतिनिधिहरु र मुक्त कमैया समाजका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

**अनुगमन मुल्याङ्कन**

संस्थाले सञ्चालन गरेको विभिन्न परियोजनाहरुको नियमित अनुगमन बोर्ड कमिटिबाट भएको छ । अनुगमनको क्रममा देखिएका विभिन्न क्रियाकलापहरुको सबल र कमजोर पक्षको मुल्याङ्कन गरी संस्थाका कर्मचारीहरुलाई आवश्यक सरसल्लाह र सुझावहरु दिने गरिएको छ। त्यस्तै गरी पालिका स्तरीय अनुगमन समिति र कन्सल्टेन्टलाई पनि कार्यक्रमबाट गरिएका विभिन्न क्रियाकलापहरुको अनुगमन कार्यक्रम सम्पन्न गरिएको छ।

**लेखा परिक्षण**

संस्थाबाट विभिन्न क्रियाकलापहरुको लागि हुने गरेको विभिन्न ट्रान्जेक्सनहरुको हिसाब किताब चुस्तदुरुस्त राख्नको लागि आन्तरिक र बाह्य लेखा परिक्षकहरबाट नियमित अडिट गर्ने काम भएको छ । लेखा परिक्षकहरुले दिएको सरसल्लाह र सुझावहरुलाई ग्रहण गर्ने र आगामी दिनमा नदोहोरिने गरी काम गर्ने गरिएको छ।

९.बालबालिका केन्द्रित कार्यक्रम अन्तर्गत के कस्ता क्रियाकलापहरु गरियो र यसबाट कस्ता उपलव्धिहरु हासिल भए तथा कस्ता चुनौतीहरु देखापरे ?

कार्यक्षेत्रमा रहेका विभिन्न स्थानका बालक्लबका सदस्यहरुको अगुवाईमा बालबालिकासम्बन्धी विभिन्न काम गर्दै आईरहेका छौं । बालक्लबका सदस्यहरुको आन्तरिक क्षमता अभिवृद्धिको लागि विभिन्न कृयाकलापहरु गर्नुको साथै उनीहरुको हकहधिकारको लागि पैरवी, वकालत र अभियान सञ्चालन गर्दै आईरहेका छौं । बालक्लबका सदस्यहरुलाई परिचालन गरी बालविवाह न्यूनिकरणका लागि छलफल तथा अभियान सञ्चालन, बालविवाहविरुद्ध जनचेतनामूलक नाटक, बालक्लबको अगुवाईमा जलवायुसम्बन्धी चित्रप्रर्दशनी, बालक्लबले वडा र नपासँग शिक्षा तथा बालअधिकारको बारेमा छलफल भएको छ।

त्यस्तैगरी कार्यक्षेत्र रहेका स्थानमा ८ वटा समुदाय स्तरीय बालक्लब पुर्नगठन सम्पन्न भएको छ । साथै शिक्षाबाट कोही पनि वञ्चित नहुन् भनी विद्यार्थी, शिक्षक, समुदाय र अन्य सरोकारवाला संघसंस्थाहरुसँग समन्वय गरी विद्यालय भर्ना अभियान पनि सञ्चालन भएको थियो ।

१०.बाल प्रायोजन सम्बन्धी गरिएका क्रियाकलाापहरुमा कस्ता चुनौतीहरु देखा परे र कसरी समाधान गरियौ ? ( समुदाय स्तरमा, बाल प्रायोजन प्रक्रिया सम्बन्धमा र बाल प्रायोजन सिस्टम (SK) संग सम्बन्धित)

बालप्रायोजन कार्यक्रम अर्न्तगत गरिने क्रियाकलापमा भएका चुनौतीहरु बालपत्र संकलन गर्दा सम्पुर्ण बालप्रायोजित बालबालिका उपस्थित नहुनु, बसाई सराई र अध्ययनको शिलशिलामा बाहिर जानु, ठुला बालबालिका चित्र बनाउन नमान्नु, बालबालिका उपस्थित नहुँदा समय धेरै लाग्नु, यसरी समय खर्चिनु पर्दा कामको नगरेको जस्तो देखिन्छ, बालपत्र लेखनका लागि स्वयम्सेवक नभेट्िने, अग्रेजीमा लेख्नुपर्ने भएकोले लेख्न नमान्ने, बालपत्र लेखन गर्दा ग्रामर, स्पेलिंगहरु बढी गल्ती हुने गरेका छन । SK सिस्तम्मा प्रोफाइल अपलोड चलाउदा नेट नहुँदा समस्या हुने, सिस्टम्मा अपलोड गर्दा कहिलेकाहिँ बालबालिकाको फोटा, बालपत्र, अर्के बालबालिकाको नाममा अपलोड हुँदा हटाउन समस्या हुने गरेको छ । माथि उल्लेखित समस्याको समाधानका लागी बालपत्र संकलन गर्दा छुटेका बालबालिकाहरुको घरमै गएर संकलन गर्ने गरेको, चित्र बनाउन नमान्ने बालबालिकाका लागी उसको साथी र परिवारमार्फत संगको सहयोगमा बालपत्र संकलन गर्ने गरिएको छ । स्वयम्सेवकको लागी युवा बखेरी केन्द्र, क्याम्पसमा सहकार्य गरी इच्छुक स्वयम्सेवक छनौट गर्ने गरिएको छ । भने SK सिस्टम्मा फोटो अपलोड गर्दा ध्यानपुर्वक अपलोड गर्ने गरेको र सिस्टम्मा केही समस्या भएका बाल प्रायोजन यूनिटसंगको सहयोगमा समस्या समाधान गर्ने गरिएको छ।

११. तपाईको संस्थामा समूदायका कुनै व्यक्ति, समूदाय वा सरोकारवालाहरुले यस बर्ष कार्यक्रम सम्बन्धि लिखित वा मौखिक रुपमा कुनै पनि प्रकारको सुझाव, सोधपुछ वा गुनासो दर्ता गर्नुभएको वा प्राप्त गर्नुभएको छ ? यदि छ भने कतिवटा लिखित र कतिवटा मौखिक थिए? साथै कसरी सोको पहल तथा समाधान गरियो ?

| **लिखित सुझाव, सोधपुछको संख्या तथा प्रकार** | **समाधान कसरी गरियो?** | **मौखिक सुझाव, सोधपुछको संख्या तथा प्रकार** | **समाधान कसरी गरियो?** |
|---|---|---|---|
| | | | |
| | | | |

१२. अन्य कुनै छुटेका कुरा प्रतिवेदनमा राख्नु परेमा